२०६६, पुस - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष १८, अङ्क १७ | २०६६, पुस १–१५ | पूर्णाङ्क ४१९



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२६५१ (सम्पादन), २६५० (छापाखाना), २१०९ (विक्री)

फ्याक्स: ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** infor@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री प्रकाश वस्ती | - अध्यक्ष |
| सहरजिष्ट्रार श्री विपुल न्यौपाने | - सदस्य |
| सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा | - सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरु**

कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य
मुद्रण अधिकृत श्री उत्सव कान्छा महर्जन
ना.सु. श्री कृष्णवहादुर गुरुङ
डि. श्री सरस्वती खड्का
कम्प्युटर अपरेटर श्री बिदुषी रायमाझी
कार्यालय सहयोगी श्री कृष्णवहादुर श्रेष्ठ


**२०६६ पुस १ देखि १५ सम्म विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ६ |
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | ५ |
| इजलास नं. ३ | १६ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ७ | ४२ |
| इजलास नं. ८ | ७ |
| इजलास नं. ९ | ७ |
| **जम्मा** | **९८** |

**यो समाचार बुलेटिन हो । निर्णय संक्षेपीकरण गर्दा इजलासले नै प्रयोग गरेका शब्द यहाँ नपरेका पनि हुन सक्दछन् । यहाँ उल्लिखित निर्णयहरूको नक्कल लिन सकिनेछ । अबउप्रान्त सर्वोच्च अदालतको वेभसाइट www. supremecourt.gov.np बाट अध्ययन गर्न तथा डाउनलोड गर्न समेत सकिनेछ ।**

**२०६६ साल पुस १ देखि १५ गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण**

| क्र.सं. | बिषयगत मुद्दा | लगत | | | फछ्र्यौट संख्या | बाँकी |
|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 1= | देवानी पुनरावेदन | ३६५१ | ४८० | ४१३१ | ८०७ | ३३२४ |
| 2= | फौजदारी पुनरावेदन | २३६९ | ३७३ | २७४२ | ४४६ | २२९६ |
| 3= | देवानी पूर्ण इजलास | ६७ | ६ | ७३ | २८ | ४५ |
| 4= | फौजदारी पूर्ण इजलास | ३६ | ४ | ४० | १० | ३० |
| 5= | वन्दीप्रत्यक्षीकरण | ३ | ३३ | ३६ | ३३ | ३ |
| 6= | साधारण रिट | २६०० | ५४२ | ३१४२ | ६०५ | २५३७ |
| 7= | पूर्ण इजलास रिट | ११ | ३ | १४ | २ | १२ |
| 8= | विशेष इजलास रिट | ६४ | २४ | ८८ | २७ | ६१ |
| 9= | साधक | ८८ | ३४ | १२२ | ३५ | ८७ |
| 10= | दोहोऱ्याई पाऊँ देवानी | १०९६ | ४१२ | १५०८ | ५५८ | ९५० |
| 11= | दोहोऱ्याई पाऊँ फौजदारी | ३५३ | ११६ | ४६९ | २०७ | २६२ |
| 12= | पुनरावलोकनको निवेदन | ४५१ | २१९ | ६७० | ११९ | ५५१ |
| 13= | पुनराबेदनको अनुमति निवेदन | १०५ | ९ | ११४ | ९ | १०५ |
| 14= | विविध | ७२ | ९ | ८१ | १२ | ६९ |
| 15= | निवेदन | १० | १३७ | १४७ | ९६ | ५१ |
| 16= | प्रतिवेदन | १४ | ७७ | ९१ | ४५ | ४६ |
| 17= | अवहेलना | ० | ० | ० | ० | ० |
| 18= | संक्षिप्त | ० | ० | ० | ० | ० |
| 19= | फुटकर | ० | ० | ० | ० | ० |
| | जम्मा | १०९९० | २४७८ | १३४६८ | ३०३९ | १०४२९ |

**२०६६ साल पुस १ देखि १५ गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण**

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | ११ | (ङ) आदेश संख्या | २०४ |
| (ख) पेशी चढेका मुद्दा संख्या | १८३१ | (च) फछ्र्यौट संख्या | २५२ |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ६६७ | (छ) हेर्न नभ्याएका | ५९९ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | ६१ | (ज) नि.सु. संख्या | ४८ |

**२०६६ साल असारसम्ममा दायर भई पाँच वर्ष नाघेका (अभियान) समूहकृत मुद्दाहरूको २०६६ पुस १५ गतेसम्मको स्थिति**

| समूह | कूल मुद्दा | फैसला | बाँकी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | हेर्दाहेर्दै | नि.सु. | पेशी | मेलमिलापमा गएको | अन्य | जम्मा |
| फौजदारी | १३५ | ७३ | २८ | | १८ | - | १६ | ६२ |
| देवानी | ६८२ | ३८७ | ३८ | ५ | ९० | ५५ | १०७ | २९५ |
| रिट/वाणिज्य | १६९ | १४४ | १२ | - | ९ | - | ४ | २५ |

---

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २ पूर्णाङ्क .... , पृष्ठ ....
(साल) (महिना)

**उदाहरणार्थः** *सअ* बुलेटिन, २०६६, पुस - १, पूर्णाङ्क ४१९, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

## सर्वोच्च अदालतका निम्न प्रकाशनहरू बिक्रीका लागि उपलब्ध भएको व्यहोरा जानकारी गराउँछौं

१. नेपाल कानून पत्रिकाका पुराना अङ्कका साथै २०६६ सालको अङ्क १ देखि ५

२. पुराना अङ्कका साथै सर्वोच्च अदालत वुलेटिन, २०६६ पुस - १

३. विषयगत नजीर संग्रह खण्ड १ देखि खण्ड १३ सम्म जम्मा १८ भाग

- २०६६ साल साउनदेखि नेपाल कानून पत्रिकाको प्रति अङ्क मूल्य रु.३०।-र सर्वोच्च अदालत बुलेटिनको प्रति अङ्क रु.१५।- कायम गरिएको छ ।
- नेपाल कानून पत्रिकाको वार्षिक (१२ अङ्क) ग्राहक शुल्क रु.३५०।- कायम गरिएको छ ।
- सर्वोच्च अदालत बुलेटिनको वार्षिक (२४ अङ्क) ग्राहक शुल्क रु.३५०।- कायम गरिएको छ ।
- २०६६ साउन महिनादेखि नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनको ग्राहक बनाउन शुरु गरिएको छ ।

१. यस बुलेटिनमा केबल ती निर्णय समावेश हुँदैनन्, जो सम्पादन समितिलाई सम्बन्धित इजलास अधिकृतबाट तोकिएको १५ दिनको अवधिभित्र प्राप्त भएका हुँदैनन् ।

२. नेपाल कानून पत्रिकामा प्रकाशित भएबाहेक अन्य महत्वपूर्ण निर्णयहरू प्रकाशनका लागि छुटेका भए त्यसरी छुटेका निर्णयको प्रतिलिपि सम्पादन शाखामा उपलव्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं । यसरी प्राप्त भएका निर्णयहरू पहिले प्रकाशन नभएका भए र प्रकाशनयोग्य ठहरिए क्रमशः प्रकाशन गर्दै जाने व्यहोरा समेत अनुरोध गर्दछौं ।

३. सर्वोच्च अदालतका प्रकाशनयोग्य सूचना तथा जानकारी हामीलाई प्रकाशनार्थ उपलव्ध गराई दिनु हुन सम्बन्धित महाशाखा तथा समितिका सचिवहरूसँग अनुरोध गर्दछौं ।

मूल्य रु.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।

**पूर्ण इजलास**

१.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. WS-००१९, उत्प्रेषणयुक्त परमादेश, *राजन अधिकारी वि. धितोपत्र बोर्ड समेत*

धितोपत्र सम्बन्धी ऐन, २०६३ ले धितोपत्र दलाल व्यवसायलाई व्यवस्थित, नियमित, मर्यादित तथा स्वच्छ व्यवसायको रुपमा विकास गर्न खोजेको छ । कुनै पनि व्यवसायलाई नियमनकारी निकायले व्यवस्थित तथा नियमन गर्ने कुरासँग दुईबटा कुराहरू मुलभूत रुपमा विचार गर्नुपर्ने हुन्छ । पहिलो कुरा नियमनकारी निकायको नियमनकारी क्षमता र यसको लागि आवश्यक भौतिक पूर्वाधार तथा सुविधा र दोस्रो कुरा नेपालको पूँजी बजारको विद्यमान आकार, पूँजी बजारको स्थिति तथा धितोपत्र दलालको व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त कम्पनी तथा संस्थाहरूको प्रयोगको लागि धितोपत्र विनिमय बजार लिमिटेडले उपलब्ध गराउन सक्ने कारोबार कक्षको क्षमताको वर्तमान स्थिति के छ भनी हेर्नुपर्ने ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ मा स्पष्ट रुपमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी कुनै कम्पनी वा संस्था दर्ता गरी यस्ता कम्पनी वा संस्थाको नामबाट धितोपत्र दलालको व्यवसाय गर्न चाहने प्राकृतिक व्यक्तिले मात्र कारोवार इजाजत पत्र पाउन सक्ने व्यवस्था गरिएको कारणले प्राकृतिक व्यक्ति र कृत्रिम व्यक्तिबीच असमान व्यवहार गरियो भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ मा व्यवस्था गरिएको कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रतासम्बन्धी मौलिक हकको व्यवस्था विपरीत भयो भनी मान्न मिलेन । समानताको हक निरपेक्ष हक होइन । समान अवस्था र हैसियतमा रहेका व्यक्तिहरूका बीच विभेद गरिएको अवस्थामा मात्र समानताको हकको संवैधानिक व्यवस्था आकर्षित हुने ।

अदालतले विद्वान अधिवक्ताको रुपमा मान्यता दिएको व्यक्तिले नेपालको अन्तरिम संविधान, २०६३ मा हुँदै नभएको धारा १२(२)(च) र धितोपत्र व्यवसायी नियमावली, २०६४ मा हुँदै नभएको नियम ३(क), (ख) र (ग) को संवैधानिक तथा कानूनी व्यवस्थाको गलत उल्लेखन गर्ने कार्यबाट निजको पेशागत आचरण र अदालतप्रतिको जिम्मेवारी तथा कर्तव्य सुहाउँदो भएको नदेखिएकोले निजलाई सेचत गराउँने ।

इजालस अधिकृत : पुनाराम खनाल

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल भदौ २५ रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०५९७, उत्प्रेषणयुक्त परमादेश, *बिनीता अधिकारी वि. नेपाल धितोपत्र बोर्ड काठमाडौं समेत*

धितोपत्र ऐन, २०६३ मा गरिएको व्यवस्थाअनुसार प्रचलित नेपाल कानूनबमोजिम स्थापना भएका सुचिकृत कम्पनी तथा सँगठित संस्थाले जारी गरेका शेयर तथा धितोपत्र खरिद बिक्रीको काममा धितोपत्र दलालको संलग्नता अनिवार्य देखिने ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ५८(२) तथा ५९(१)(घ) मा गरिएको व्यवस्थाअनुसार धितोपत्र व्यवसाय गर्ने अनुमति प्रदान गर्दा अनुमतिको लागि निवेदन गर्ने कम्पनी वा संस्थाको आर्थिक हैसियत, निजहरूको सञ्चालक, कार्यकारी प्रमुख तथा सम्बन्धित अधिकृतहरूको आर्थिक हैसियत शैक्षिक योग्यता र सम्बन्धित कामको अनुभव, निजहरूको सामाजिक हैसियत र चरित्र, तथा धितोपत्र व्यवसाय सञ्चालन गर्न चाहनेको अनुभवलाई समेत विचार

गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ । तर उक्त ऐन तथा सो ऐनअन्तर्गत बनेका नियमावलीमा आर्थिक हैसियत कसरी पत्ता लगाउने, अनुमतिपत्र लिन चाहने निवेदक कम्पनी वा संस्थाहरूको चुक्ता पूँजी कति हुनपर्ने, यसका सञ्चालक तथा कार्यकारी प्रमुख वा प्रतिनिधिको शैक्षिक योग्यता कति हुने र अनुभव कति र कस्तो चाहिने भन्ने बारेमा कुनै व्यवस्था गरिएको देखिँदैन । यही रिक्ततालाई पूर्ति गर्नको लागि नै उल्लिखित "सिफारिश छनौट विधि" बनाउन परेको देखिन्छ र शैक्षिक योग्यता, चुक्ता पूँजी तथा अनुभव लगायतका विषयहरू निर्धारण नभएसम्म धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र दिने प्रक्रिया नै शुरु हुन नसक्ने र उक्त ऐनको दफा ५८(२), ५९(१) तथा ५९(२) मा गरिएको व्यवस्था प्रयोगमा आउन सक्ने अवस्था नै नहुने हुँदा धितोपत्र व्यवसायी अनुमति पत्र प्रदान गर्दा उक्त दफाहरूमा गरिएको व्यवस्थाहरूलाई क्रियाशील गराउनको लागि आवश्यक आधार, योग्यता, अनुभव तथा चुक्ता पूँजी र संस्थापकको संख्या निर्धारण गरी बनाइएको उल्लिखित "सिफारिश छनौट बिधि" अनाधिकार तथा कानूनी आधाररहित छ भन्ने नदेखिने ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ५९(१) मा गरिएको व्यवस्थाअनुसार धितोपत्र व्यवसाय गर्ने अनुमति प्रदान गर्दा धितोपत्र व्यवसायको स्वस्थ सञ्चालन तथा लगानीकर्ताहरूको हितरक्षाको लागि आवश्यक शर्त तोक्न सकिने व्यवस्था गरेको देखिन्छ । धितोपत्र व्यवसायी नियमावली, २०६४ को नियम ३ मा केही शर्त तोकिएको भए तापनि उक्त ऐनको दफा ५८(२) को प्रयोजनको लागि आवश्यक सबै शर्तहरू उक्त नियमावलीमा नतोकिएको अवस्थामा यो अपूर्णतालाई पूर्णता दिनको लागि नै कानूनबमोजिमको अधिकार प्राप्त नियमनकारी निकायको रुपमा स्थापना भएको नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई बनाइएको उक्त "सिफारिश छनौट विधि" लाई अनाधिकार दस्तावेजको रुपमा मान्न सकिने अवस्था नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल
कम्प्युटर : सीता गुरुङ
इति संवत् २०६६ साल भदौ २५ रोज ५ शुभम् ।

**३.**

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको WO-०६०३, उत्प्रेषण, *नेपाल स्टक एक्सचेन्च लि.को सञ्चालक समिति समेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग*

कुनै सार्वजनिक निकायले गरेको निर्णयउपर प्रचलित कानूनअनुसार पुनरावेदन लाग्ने व्यवस्था गरिएको अवस्थामा प्रत्यर्थी आयोगले उक्त निर्णय प्रतिकूल हुने गरी वा निर्णयलाई प्रभावित हुने गरी आदेश दिन नसक्ने ।

सिफारिश छनौट विधिमा कुनै त्रुटि भए सो सच्याउने कानूनी अधिकार धितोपत्र ऐन, २०६३ ले नेपाल धितोपत्र बोर्डलाई प्रदान गरेको तथा उक्त बोर्डको आदेश वा निर्देशनमा चित्त नबुझ्ने व्यक्तिले धितोपत्र ऐनको दफा १०६(२) अनुसार पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउने व्यवस्था समेत गरेको देखिन्छ । उक्त बोर्डको आदेशअनुसार धितोपत्र बोर्डको देखाएका त्रुटिहरू सच्याई उक्त सिफारिश छनौट विधि बनाई लागू गरिएको मिसिल संलग्न प्रमाणबाट देखिएको र धितोपत्र बोर्डको आदेश वा निर्देशनउपर पुनरावेदन लाग्ने कानूनी व्यवस्था समेत गरिएको अवस्थामा प्रत्यर्थी आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख अन्तर्गतको अधिकारको प्रयोग गर्ने अवस्था छ भनी मान्न नसकिने ।

इजलास अधिकृत : पुनाराम खनाल
कम्प्युटर : सीता गुरुङ
इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** पुनरावलोकन निस्सा प्रदान नं. २०६५-NF-०००१, *अर्जुन राय वि. दिनेशसिँह भूमिहार*

सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरू न्यायसम्पादन गर्ने सिलसिलामा न्यायिक सुशासन कायम राख्ने मार्ग निर्देशक पनि हुन् । कानूनकै हैसियत ओगट्ने गरी प्रतिपादित सिद्धान्तहरू भूतकालीन निर्णय हुन् । तर मद्दा मामिलाको सन्दर्भमा तिनीहरूको प्रभाव भविष्यलक्षी हुन्छ । यस्ता कानूनी सिद्धान्तहरू सबै अवस्थाका मुद्दा मामिलामा आकर्षित हुदैनन् । समान तथ्य परिस्थितिका मुद्दाहरूमा समान प्रश्नहरू उपस्थित भएका पछिल्ला मुद्दाहरूको सन्दर्भमा यस्ता सिद्धान्तहरू सान्दर्भिक र मार्गदर्शक मानिन्छन् । किनभने सिद्धान्त पहिले जन्मिन्छ र त्यसको पालना पछि गरिन्छ । नजन्मिएको सिद्धान्तको अनुशरणको कल्पना गर्न सकिँदैन । बदलिएको परिस्थिति, एकआपसमा रूलिङ बाझिएको अवस्था तथा नवीनतम् विधिशास्त्रीय अवधारणाको विकासजस्ता केही खास अवस्थाहरूको सन्दर्भमा अगाडि प्रतिपादन भएका सिद्धान्तहरूले बाध्यात्मक शक्ति गुमाउने अवस्था आउन सक्ने विधिशास्त्रीय अवधारणा छ । यस्ता अवस्थाहरूमा नयाँ सिद्धान्तहरूले जन्म लिन्छन् र कानूनको विकासमा योगदान दिइरहेका हुन्छन् ।

कानूनको पालनालाई व्याख्याताको हैसियतले सर्वोच्च अदालतले इन्कार गर्न सक्दैन । अपितु मुद्दा मामिलाको रोहमा विधायिकी कानूनको व्याख्याको सन्दर्भमा सर्वोच्च अदालतले कानूनी सिद्धान्तको प्रतिपादन गर्ने हुँदा त्यसको पश्चात्‌दर्शी प्रभाव (Retrospective Effect) हुँदैन र पश्चात्‌दर्शी प्रभाव पर्ने गरी कानूनी सिद्धान्तको प्रतिपादन सर्वोच्च अदालतले नगर्ने । पुनरावलोकनको निस्साको आधारको रुपमा रहेको कानूनी सिद्धान्त संयुक्त इजलासबाट प्रस्तुत मुद्दामा फैसला भएपछि प्रतिपादन भएको हुँदा उक्त सिद्धान्तको त्रुटि पहिले नै भएको निर्णयमा हुन सक्ने अवस्था नरहने ।

प्रचलित कानून तथा प्रतिपादित कानूनी सिद्धान्तबाटै पुनरावलोकन निवेदनको निर्णय गर्दा पुनरावलोकन निस्सा दिँदा लिइएको आधारमा सीमित रहनुपर्नेमा निस्सा दिँदाको आधार नै आकर्षित हुन नसक्ने गरी असम्बद्ध छ भने सोसँग सम्बद्ध मुद्दाको अन्य पक्षमा प्रवेश गर्न मिल्ने हुँदैन । प्रस्तुत मुद्दामा पनि आकर्षित हुन नसक्ने कानूनी सिद्धान्त (नजीर) को आधारमा मात्र पुनरावलोकनको निस्सा प्रदान भएको देखिइसकेपछि मुद्दाको तथ्यभित्र प्रवेश गरी इन्साफतर्फ विचार गरिरहनु नपर्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
कम्प्युटर : सीता गुरुङ
इति संवत् २०६६ साल असोज २२ रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** दे.पु.नं. ०६३-DF-००१३, निर्णय बदर, *ज्ञानप्रसाद पाठक समेत वि. सिद्धाचल मृगस्थली मठ समेत*

राज गुठीको जग्गाको हक स्वामित्व र प्रकृति नापीले अन्यथा गर्दैमा समाप्त हुन नसक्ने ।

कुनै खास उद्देश्य लिई कुनै विशेष कार्य सञ्चालन गर्नका लागि वनेको विशेष प्रकारको कानूनको प्रयोग सोही रुपमा हुनुपर्ने हुन्छ । यदि त्यस्तो विशेष कानूनमा सामान्य कानूनमा भन्दा पृथक खालको प्रक्रिया वा कार्यविधि निश्चित गरिएको छ, हक प्राप्ति र समाप्तिको सम्बन्धमा पनि सामान्य कानूनको भन्दा भिन्न आधार दिइएको छ भने पनि त्यसैलाई अनुशरण गर्नु पर्दछ । त्यस्तोमा सामान्य कानूनी प्रक्रियाबमोजिम हुनुपर्दछ भनी जिकीर गर्न नमिल्ने ।

मिति २०३६।८।२३ को गुठी संस्थानको मूल निर्णयउपर पुनरावेदकका दाता

लक्ष्मीनारायणले कुनै उजूर नगरी स्वीकार गरिबसेको र सो निर्णय कार्यान्वयन गर्ने गराउने प्रयोजनका लागि गुठी संस्थानका प्रशासकबाट मिति २०५६।२।३ मा भएको निर्णयउपर मात्र प्रस्तुत पुनरावेदन परेको अवस्था हुँदा दाताकै हक समाप्त भएको अवस्थामा यी पुनरावेदकको हक बाँकी रहेको भन्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णराम कोइराला

इति संवत् २०६६ साल जेठ ७ गरोज ५ शुभम् ।

- यस्तै प्रकृतिको ०६३-DF–००१२, रैकर दर्ता बदर गुठी कायम, *टीकाराम पाठक वि. सिद्धाचलमृगस्थली मठ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## संयुक्त इजलास

१.

**स.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६२ सालको रिट नं. २९५९, परमादेश समेत, *राजुप्रसाद चापागाई समेत वि. कृषि तथा सहकारी मन्त्रालय काठमाडौं समेत*

तत्काल बहाल रहेको नेपाल अधिराज्यको संविधान, २०४७ एवं हाल बहाल रहेको अन्तरिम संविधान समेतले व्यक्तिको बाँच्न पाउने नैसर्गिक हकको प्रत्याभूति गरेको र स्वच्छ वातावरणमा बाँच्न पाउने व्यक्तिको हकलाई पनि मौलिक हककै रुपमा स्वीकार गरिएको हुँदा त्यस्तो अधिकारको सम्मान गर्ने, पालना गर्ने र परिपूर्ति गर्ने राज्यको दायित्व रहेको देखियो । साथै अन्तर्राष्ट्रिय समुदाय वा बाह्यराष्ट्रले सिर्जना गरेको परिस्थितिको लागि उक्त महासन्धिबमोजिमको दायित्व बहन गर्न राजनीतिक एवं कुटनीतिक जो चाहिने सबै माध्यमहरू प्रयोग गर्नु पनि अनिवार्य हुन आउने ।

उल्लिखित परिप्रेक्ष्यमा नेपाली नागरिकलाई संविधानतः प्रत्याभूत गरिएको जीवनको अधिकार र स्वच्छ वातावरणमा बाँच्न पाउनेहरूको प्रत्याभूति गराउन वसेल महासन्धि र स्टकहोम महासन्धि लगायतको प्रावधानअनुरूप अन्तर्राष्ट्रिय समूदायबाट जे जस्तो सहयोग प्राप्त गर्नुपर्छ गरी ग्रीनपीस इन्टरनेशनल र Crops Life International जस्ता गैरसरकारी संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी यो आदेश जारी भएको मितिले एक वर्षभित्र कार्यान्वयन गरिएको लिखित जानकारी यस अदालतलाई गराउनु भनी प्रत्यर्थी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल कात्तिक ४ रोज ४ शुभम् ।

२.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको WO-०६०४, परमादेश, *प्रकाशमणि शर्मा समेत वि. मन्त्रिपरिषद्को कार्यालय समेत*

उपत्यकाको सडकमा रहेका ७९६ को संख्यामा रहेका बालवालिकाको स्थिति पहिचान गरी नमूनाको रुपमा १०० जना बालबालिकालाई मनोसामाजिक परामर्श सेवा दिएको भन्ने भनाईबाट समेत आफैंले तयार पारेको प्रतिवेदनमा देखिएको संख्याको हकमा बालगृहको निर्माण, सुधार तथा सञ्चालन गरिएको भन्ने देखिएन । महिला बालबालिका तथा समाजकल्याण मन्त्रालायसमेतको सहकार्य र समन्वयमा बालगृह निर्माणको लागि घडेरी खोज्ने कार्य अघि बढाइएको भन्ने केन्द्रीय बालकल्याण समितिको प्रेषित जवाफबाट सडक बालबालिकाको सम्बन्धमा भैरहेका सीमित बालकल्याण गृहको सञ्चालन र मापदण्ड सम्बन्धमा नियमित अनुगमन, निरीक्षण तथा अन्य बालकल्याण गृह निर्माण गर्नमा उचित तत्परता देखाएको भन्न नमिल्ने ।

इजलास अधिकृत : पुनराम खनाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल असोज २८ रोज ५ शुभम् ।

३.

**स.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको WO-०६०६, उत्प्रेषण, *विजयमणि आचार्य दीक्षित वि. देवघाट क्षेत्र विकास समिति समेत*

निवेदनमा देवघाट क्षेत्र विकास समितिले पर्खाल भत्काउनु भनी गरेको आदेश बदरको माग गरे पनि सो समितिले पर्खाल भत्काउने सम्बन्धमा के कस्तो आदेश कहिले गरेको हो भन्ने कुरा निवेदन व्यहोरा, देवघाट क्षेत्र विकास समितिको लिखित जवाफ एवं मिसिल संलग्न कागजबाट देखिदैन । आफ्नो के कस्तो हक अधिकारमा के कुन प्रकारले आघात पुग्न गएको हो भन्ने कुरा निवेदन दावीमा स्पष्ट रुपमा उल्लेख नगरी यस्तो अस्पष्ट निवेदन दावीको आधारमा असाधारण अधिकार अन्तर्गत रिट क्षेत्र आकर्षित हुन नसक्ने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल असोज २८ रोज ४ शुभम् ।

४.

**स.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ WO-०८७४, परमादेश, *सानुराज वैद्य समेत वि. खानी तथा भूगर्भ विभाग काठमाडौं समेत*

आफूहरूले दिएको निवेदनमा जग्गा दर्ताको कारवाही के कुन अवस्थामा रहेको छ वा के कुन कारणले दर्ताको कारवाही रोकिएको हो भन्ने सम्बन्धमा मालपोत कार्यालयबाट यथार्थ व्यहोरा आउन सक्ने अवस्थामा जग्गा दर्ताको कारवाही गर्ने निकाय मालपोत कार्यालयलाई विपक्षी नबनाई जग्गा दर्ता सम्बन्धमा भएको कारवाहीको यथार्थ तथ्य ओझेलमा पारी निवेदन दर्ता गरेको देखिन्छ । उल्लिखित निवेदन व्यहोरा र मिसिलमा देखिएको तथ्यबाट दावीको जग्गामा निवेदकहरूको हक स्थापित भैसकेको नदेखिएको र यी निवेदकहरू जग्गाधनी कायम हुने वा नहुने विषय बिचाराधीन नै रही तत्कालको अवस्थामा तत्कालीन सरकारबाट अधिग्रहणमा परेको जग्गाको जग्गाधनी नै यकीन नभएको अवस्थामा आफू जग्गाधनी कायम नभई सो जग्गाको अधिग्रहणको मुआव्जा पाउने अवस्था नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल असोज २८ रोज ४ शुभम् ।

५.

**स.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको WO-०१३६, परमादेश, *मीरा ढुंगाना समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत*

संविधानद्वारा प्रदत्त व्यक्तिको हक अधिकारको सम्बन्धमा प्रत्यक्ष सरोकार राख्ने कानून निर्माण नगरेको वा सो कानूनको अभावमा नागरिकले पाउने सुविधामा अवरोध आउन सक्ने प्रकृतिको ब्यवस्था गर्न यससम्बन्धी कानून निर्माण गरी व्यक्तिको अधिकारलाई सुनिश्चित गर्नु भनी यस अदालतबाट परमादेश वा निर्देशनात्मक प्रकृतिका आदेशहरू भैरहेको दृष्टान्त नरहेका होइनन् । प्रस्तुत विषयमा कानून निर्माणको प्रक्रिया अगाडि बढी बिचाराधीन रहिरहेको विषयमा राज्यको यस्ता प्रकृतिका नीतिगत कुराको विषयमा तत्काल अदालतले हस्तक्षेप गरी आदेश जारी गरेकै आधारमा व्यक्तिले तुरुन्त उपचार प्राप्त गर्ने प्रकृतिको निवेदनको विषयबस्तु समेत नभएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नरहने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल असोज २८ रोज ४ शुभम् ।

**इजलास नं. २**

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ०६४-

CI-०३२५, लेनदेन, *बिन्दु पराजुली वि. विद्यमान विलास बज्राचार्य*

प्रतिवादीले मिति २०५२।६।१४ मा रु. १,५०,०००।- वादीलाई बुझाएको देखिएको स्थितिमा सो रकममध्ये रु. ६१,१५०।-व्याजवापत र बाँकी रु.८८८५०।-वादीको साँवाबाट कट्टा हुने गरी नै बझाएको मान्नु पर्ने हुन्छ । उक्त मिति २०५२।६।१४ को भरपाईमा व्याजवापत भन्ने व्यहोरा उल्लेख गरेको भए तापनि वादीबाट लिएको साँवा रकमको प्रतिवादीले अग्रीम रुपमै व्याज भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था पनि छैन र त्यसरी साँवा रकम यथावत् राखी प्रतिवादीले भविष्यको लागि अगाडि नै व्याज भुक्तानी गरे होलान् भनी तर्क गर्न न्यायको रोहमा नमिल्ने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल मङ्सिर १८ रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ८८८१, दा.खा.नामसारी, *सीतामाया रञ्जित वि. देव रञ्जितकार समेत*

सीतामाया रञ्जितकारका दाता सुरेश रञ्जितकारले दावीको घर जग्गा मिति २०५०।३।१७ मा मिलापत्र बदर मुद्दा चल्दाचल्दैको अवस्थामा हालैको बकसपत्र पारित गरिदिएको देखिन्छ । अतएव, प्रतिवादी सीतामाया रञ्जितकारका दाता सुरेश रञ्जितकारले जुन मिलापत्रको आधारमा कि.नं. २५ को घर जग्गामा स्वामित्व प्राप्त गरी प्रतिवादीलाई हालैको बकसपत्र गरी हक हस्तान्तरण गरेको हो सो घर जग्गाको ५ भागको २ भागमा वादीहरूको हक स्वामित्व स्थापित हुने गरी सर्वोच्च अदालतबाट मिति २०५७।२।१० मा मिलापत्र बदर हुने ठहरी भएको फैसला अन्तिम भै बसेको अवस्थामा दाताको स्वामित्वको स्रोत नै कानूनबमोजिम भएको नदेखिनाले सोही स्रोतको आधारमा भएको स्वामित्व हस्तान्तरण गर्ने कार्य कानूनअनुरूपको भई बदरभागी हुँदैन भनी मान्न नमिल्ने ।

दाताको स्वामित्वको स्रोत नै कच्चा ठहरे पछि त्यस्तो कच्चा स्रोतबाट प्राप्त स्वामित्व हस्तान्तरण गरी लिने व्यक्तिको स्वामित्व स्वतः कच्चा हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल कात्तिक ९ रोज २ शुभम् ।

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३६४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि.ताराबहादुर खाम्चा समेत,* २०६१ सालको साधक नं. ५००, *नेपाल सरकार वि. रामराज रेग्मी*

प्रतिवादीलाई वारदात मौकामा देखी चिन्ने मृतकका श्रीमती तथा छोराछोरी सबै घटनाका प्रत्यक्षदर्शी एवं पीडित व्यक्तिहरू हुन् । निजहरूले घटना घट्दा देखे चिनेको व्यक्तिलाई किटान गरी जाहेरी दिई मौकामा र अदालतमा समेत बकपत्र गरी खुलाई दिएको कुरा मिसिल संलग्न अन्य प्रमाणहरूबाट समर्थित भइरहेको अवस्था हुँदा यी प्रतिवादी रामराज रेग्मीले धारिलो हतियार प्रहार गरी मृतक रेवतबहादुर के.सी. को हत्या गरेको तथ्य प्रमाणित हुने ।

प्रतिवादी रामराज रेग्मीले मृतक रेवतबहादुर के.सी. लाई पूर्व योजना बनाई मार्ने उद्देश्यले हतियार प्रहार गरेको भन्ने सम्म देखिन्छ । तसर्थ ठहरेबमोजिम निज प्रतिवादी रामराज रेग्मीलाई सजाय गर्दा चर्को पर्न जाने अवस्था देखिएको हुँदा निजलाई अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीलाई कैद वर्ष १२ (बाह्र) मात्र सजाय हुने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल कात्तिक १५ रोज १ शुभम् ।

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३३३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. यज्ञबहादुर थापा समेत*

**मा.न्या.रामप्रसाद श्रेष्ठको राय**

प्रतिवादीहरूको संलग्नतामा पूर्व योजनाअनुसार मिति २०५७।५।२२ गते आफ्नो घरबाट तारेख लिन भनी बेशीतर्फ जादै गर्दा धौ खोलामा पुग्दा लुकीछिपी बसेको प्रतिवादीहरूको संलग्नतामा मदनराज विष्टलाई कर्तव्य गरी मारेको तथ्य मिसिल संलग्न प्रमाण कागजहरूबाट पुष्टि हुन आएकोमा मुल्तबीमा रहेका प्रतिवादीहरू शम्भु तिवारी र प्रकाश तिवारीका हकमा बाहेक सबै प्रतिवादीहरूले अभियोगबाट सफाई पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको नदेखिँदा उल्टी भै अभियोग माग दावीबमोजिम प्रतिवादी गोविन्दनिधि तिवारीलाई ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं.को कसूरमा सोही महलको १३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैद र प्रतिवादीहरू डिलबहादुर कमली, टेकबहादुर कमली, शेरबहादुर कमली, मोहनबाबु तिवारी र यज्ञबहादुर थापाले ज्यान सम्बन्धी महलको १७(३) को कसूरमा सोही महलको १७(३) नं. अनुसार निजहरूलाई जनही एक वर्ष कैद हुने ठहरी भएको लमजुङ्ग जिल्ला अदालतको मिति २०५९।३।१८ को फैसला मिलेको देखिँदा सदर हुने ।

**मा.न्या.मोहनप्रकाश सिटौलाको रायः**

प्रतिवादीहरू उपर लगाइएको विभिन्न आरोप नत स्वतन्त्र प्रमाणबाट समर्थित हुन आयो न परिस्थितिजन्य प्रमाणबाट त्यसो हुँदा मृतक मदनराज र निजका परिवार तथा प्रतिवादीहरूका बीच कटु सम्बन्ध थियो भन्ने भनाइका आधारमा शंका गरी त्यसैलाई आधार बनाई प्रतिवादीहरू उपर अभियोग लगाइएको र सो अभियोग प्रमाणबाट विपक्षी झिकाउँदा उल्लेख भएका आधारहरूसँग समेत सहमत हुन नसकेकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम यो मुद्दा निर्णयार्थ पूर्ण इजलास समक्ष पेश गर्ने ।

इजलास अधिकृत : हरिप्रसाद कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ २८ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६०, सालको फौ.पु.नं. ३१५२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नागेन्द्र चौधरी समेत*

जाहेरबालालगायत मौकामा बुझिएका मानिसले प्रतिवादी मनोजले बन्दुकले प्रहार गरेको भन्ने मूलभूत कुरालाई प्रारम्भदेखि नै किटान गरिरहेको अवस्थामा त्यस्तो बन्दुक वा हतियारको नामको विषय कदापि उचित हुँदैन । लाश प्रकृति पोष्टमार्टम व्यहोराले नै बन्दुक वा गोली प्रहार भएको तथ्य निर्विवाद रुपमा पुष्टि गरिरहेको छ । तसर्थ यस वास्तविकतालाई अन्यथा अर्थ गरी मृतकको मृत्युमा यी प्रतिवादीहरूको संलग्नतालाई इन्कार गर्न सकिने स्थिति रहेन । यसरी संकलित प्रमाणहरूबाट प्रतिवादीहरू त्रिपुरारी झा र त्रिवेणी सिँहले मृतक सुमन्त चौधरीको दुबै हात समाई अर्का प्रतिवादी मनोज चौधरीले मृतकको बाँया कञ्चटमा गोली प्रहार गरेको पुष्टि हुन आउने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल कात्तिक १७ रोज ३ शुभम् ।

**इजलास नं. ३**

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६१ सालको स.फौ.नं.

३३६४, सवारी दुर्घटनाबाट अङ्गभङ्ग, *नेपाल सरकार वि. कृष्णबहादुर घिमिरे समेत*

कानूनले चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनमा पूर्णप्रतिवन्ध लगाएको अवस्थामा प्रतिवादी दिनेश उपाध्यायले सवारी चलाई दुर्घटना गराई सोबाट उम्कन शुरुमा चालक अनुमतिपत्र भएका हरिबहादुर थापालाई कसूर स्वीकार गर्न लगाउने गरेको कार्यले निजको गलत एवं वदनियतपूर्ण मनसाय रहेको देखिने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

इति संवत् २०६५ साल साउन १६ रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६६ सालको रिट नं. WH-००२५, बन्दीप्रत्यक्षीकरण, *सरोज राईको हकमा अधिवक्ता कल्याण के.सी. वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत*

बालवालिका सम्बन्धी ऐनको कानूनी व्यवस्थाअनुसार उक्त मुद्दाको शुरु कारवाही र किनारा बालअदालत वा बालइजलासबाट मात्र हुनुपर्ने हुन्छ । तसर्थ प्रस्तुत रिटमा उल्लिखित सरोज राई मात्र प्रतिवादी भएको केही सार्वजनिक अपराध मुद्दाको कारवाही र किनारा विपक्षी प्रमुख जिल्ला अधिकारीले गर्न मिलेन । त्यस्तो बालवालिका मात्र वादी वा प्रतिवादी भएको मुद्दा हेर्ने अधिकार बालअदालत वा बालइजलासलाई मात्र हुने कानूनी व्यवस्था हुँदा त्यस्तो मुद्दा हेर्ने अधिकार प्रमुख जिल्ला अधिकारी लाई नहुने ।

बाल इजलास गठन भएको जिल्लामा आज बाट बालबालिका मात्र सम्मिलित मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्न नपाउने हुँदा त्यस्ता प्रकृतिको बालबालिका मात्र सम्मिलित (साबालक सम्मिलित नभएका) मुद्दा बालइजलास गठन भएका जिल्लामा प्रमुख जिल्ला अधिकारीसमक्ष मुद्दा विचाराधीन रहेको हुन सक्ने देखिएकोले त्यसरी विचाराधीन रहेका भए सम्बन्धित जिल्ला अदालतमा सारी बाँकी काम कारवाही र किनारा गर्नको लागि परिपत्र जारी गर्नु भनी नेपाल सरकार गृह मन्त्रालयको नाममा यो निर्देशन जारी हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल असोज २६ रोज २ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ०६५-WO-०७९९, उत्प्रेषण परमादेश, *हरिबहादुर वानियाँ समेत वि. लोकसेवा आयोग काठमाडौं समेत*

निवेदकहरूले निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ अनुसार कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट गरिने बढुवातर्फ मिति २०६४।१०।१ देखि जेष्ठता कायम हुने गरी नियुक्ति बुझी सोही पदमा कार्यरत् भइसकेको अवस्था हुँदा ऐ. नियमावली, २०५० को नियम ८७ ख २ का आधारमा हाल आएर कार्यक्षमता मूल्याङ्कनतर्फको बढुवा रोज्न नमिल्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक १७ रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. ०६५-WO-०६४६, उत्प्रेषण परमादेश, *शालिग्राम शर्मा पौडेल समेत वि. लोकसेवा आयोग काठमाडौं समेत*

लोकसेवा आयोगसमक्ष पुनरावेदन सरहको उजूरी विचाराधीन रहेको अवस्थामा कुनै कारणवश बढुवा समितिले सिफारिश गरी बढुवा गरेको पद रिक्त हुन आएमा त्यसरी रिक्त हुन आएको पदमा दर्खास्त फाराम भर्ने सम्भाव्य उम्मेद्वारहरूमध्ये निजामती सेवा ऐन, २०४९ को दफा २४(२) बमोजिम प्राप्ताङ्क सबभन्दा बढी जसको छ उसलाई रिक्त भएको पदमा लोकसेवा आयोगले

पुनरावेदकीय अधिकार प्रयोग गरी बढुवा गर्न सक्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक १७ रोज ३ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएको छ :

- २०६६ सालको रिट नं. ०६५-WO-०८२५, उत्प्रेषण परमादेश, *रमेशप्रसाद मैनाली समेत वि. लोकसेवा आयोग काठमाडौँ समेत*
- २०६६ सालको रिट नं. ०६५-WO-०९९१, उत्प्रेषण परमादेश, *सुरेन्द्र पौडेल वि. लोकसेवा आयोग काठमाडौँ समेत*
- २०६६ सालको रिट नं. ०६५-WO-०९९२, उत्प्रेषण परमादेश, *बद्रिनाथ अधिकारी समेत वि. लोकसेवा आयोग काठमाडौँ समेत*
- २०६६ सालको रिट नं. ०६५-WO-०६६५, उत्प्रेषण परमादेश, *शालिग्राम शर्मा पौडेल समेत वि. लोकसेवा आयोग काठमाडौँ समेत*

**५.**

**मा.न्या.श्री वलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. ०६४CI-०८३४, लिखत दर्ता बदर, *सागर बस्नेत वि. किरण बस्नेत समेत*

वादीले लिखत बदरको दावी लिएको प्रतिवादी किरण बस्नेतको नामको साविक काठमाडौँ नगरपालिका वडा नं. २३घ कि.नं. १४७३ को क्षे.फ. ०-८-२-० जग्गा मा न्हुच्छेबहादुर मुनिकार समेतबाट प्रतिवादी किरण बस्नेतले हालैदेखिको बकसपत्र प्राप्त गरेको र सोही जग्गा र २ तले घर र नं. १२८२९ मिति २०५८।३।१ बाट प्रतिवादी किरण बस्नेतले प्र. रीता बस्नेतलाई मालपोत कार्यालय काठमाडौँबाट हालैदेखिको बकसपत्र गरिदिएको राजीनामाको प्रतिलिपिबाट देखिन्छ । अंशियारले बकसपत्रबाट पाएको सम्पत्ति निजको निजी ठहरी अन्य अंशियारमा वण्डा नलाग्ने मुलुकी ऐन अंशवण्डाको १८ नं. मा उल्लेख भएको पाइन्छ । प्रतिवादी किरण बस्नेतले बकसपत्रबाट पाएको सम्पत्ति निजको निजी ठहरी अन्य अंशियारमा वण्डा नलाग्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल भदौ १ रोज २ शुभम् ।

**६.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको फौ.पु.नं. ०६३-CR-०२४६, जवर्जस्ती करणी, *नेपाल सरकार वि. तुलसी चौधरी समेत*

पीडितको अलावा पीडितकी दिदी खकुमारी र भिनाजु गकुमार समेतले अदालतमा वकपत्र गरेको देखिन्छ । दिदी खकुमारीको वकपत्रको सबाल जवाफ ६ र ७ मा प्रतिवादीहरू तुलसीलाल, हंसलाल, मनकलाल समेतले मेरी बहिनीलाई जवर्जस्ती करणी गरेका हुन् भनी बकेको देखिन्छ भने भिनाजु नाताको गकुमारको वकपत्रको सबाल जवाफ ४ बाट पनि पीडितको वकपत्र र अभियोगलाई समर्थन गरी वकपत्र गरेको हुँदा प्रतिवादीहरू तुलसी चौधरी मनकलाल चौधरी, हंसनारायण चौधरीले पीडितलाई पीडितको मञ्जूरी नलिई जवर्जस्ती करणी गरेको प्रमाणित हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल असार ८ रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६० सालको फौ.पु.नं. ३२२०, जवर्जस्ती करणी, *नेपाल सरकार वि.कृष्ण चौधरी समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**७.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको स.फौ.नं. RC-०३३७, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. शंकर खनाल समेत*

नक्कली सवारी चालक अनुमतीपत्र (लाइसेन्स) बनाउने अपराधजन्य कार्य भई अपराधको तथ्य स्थापित भएको अवस्थामा पनि यो यसले बनाएको भन्ने तथ्य स्वतन्त्र र तथ्ययुक्त तरिकाले प्रमाणित नभएको अवस्थामा केवल शंकाकै भरमा अभियोग दावीअनुसारको आरोपित कसूरमा यी प्रतिवादीहरू शंकर खनाल, मनोजकुमार कटुबाल र मीनु श्रेष्ठको संलग्नता रहेको थियो भनी निजहरूलाई सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल भदौ १४ रोज १ शुभम् ।

८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको स.फौ.नं. RC-०१२८, लागू औषध ब्राउन सुगर, *नेपाल सरकार वि. मगरे खाँ समेत*

अपराध भयो भएन भन्ने कुरा नै स्थापित नभएको अवस्थामा विना प्रमाण अभियोग लगाउने कार्य त्रुटिपूर्ण हुनुका साथै नेपाल राज्यको Prosecutional Power को दुरुपयोग समेत भएको देखिने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल भदौ १४ रोज १ शुभम् ।

९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. २०६३-CI-०३६५, अंश, *फुदनलाल सरदार वि.सुर्वेनदेवी सरदार समेत*

बसेको वार्ड फरक हुनु नामसारी गर्दा विरोध नजनाउनु, १ नं. लगत, ७ नं. लगत अलग-अलग भर्नु मात्र व्यवहार प्रमाणबाट छुट्टिभिन्न भएको ठहर गर्न पर्याप्त आधार बन्न सक्दैनन् । पुनरावेदक प्रतिवादीले उल्लेख गरे झैं वादीहरू ४० वर्ष अघि भिन्न भएको भए निजहरूको अलग-अलग विक्री व्यवहार वा पैतृक सम्पत्ति भागशान्तिबमोजिम पाएको कुनै पनि लिखत प्रमाणहरू प्रतिवादी पक्षबाट दाखेल हुन सकेको पाइएन । व्यवहारबाट छुट्टिभिन्न भएको भनी निर्णयमा पुग्न पूर्वावस्थाका रुपमा रहेका वस्तुनिष्ठ प्रमाणका अभावमा अंश जस्तो नैसर्गिक हकबाट वञ्चित गर्ने कुरा अदालतले गर्न नसक्ने र गर्न नहुने ।

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल कात्तिक ११ रोज ४ शुभम् ।

१०.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०५५५, कित्ता फोड समेत, *सुरेन्द्र महर्जन वि. केदारमान तण्डुकार*

संयुक्त दर्ताको सम्पत्तिमा संयुक्त दर्तावाला सवै जनाको बराबर हक रहन्छ । बराबर हक पाउने व्यक्तिलाई सम्पत्तिमा नापनक्सा,भौतिक स्वरुप, जग्गामा आवतजावत गर्न आउने जाने बाटोघाटो, निकास सन्धिसर्पन समेतका आधारमा संयुक्त दर्तावाल स्वामीहरूको मर्का र छुट्याइएको सम्पत्तिको सम्भावित मूल्य समेतका कुरामा सद् विवेक प्रयोग गरी कित्ताफोड गरिदिनु पर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल कात्तिक ८ रोज १ शुभम् ।

११.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०४९८, उत्प्रेषण समेत, *सूर्यबहादुर शाही समेत वि. चन्द्रलक्ष्मी शाही (खड्गी) समेत*

रिट निवेदकले आफूलाई संविधानको कुन धारा वा कुन कानूनको कुन दफाअन्तर्गत प्राप्त मौलिक वा कानूनी हकमा आघात पर्न गएको हो सो उल्लेख नगरेको हुँदा रिट खारेज हुने ।

इजलास अधिकृत : नारायण रेग्मी
इति संवत् २०६६ साल कात्तिक २९ रोज १ शुभम् ।

**इजलास नं. ५**

**१.**

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६५ सालको रिट नं. ०६५-WO-०६२४, उत्प्रेषण समेत, *ओमबहादुर प्रधान वि. नेपाल विद्युत् प्राधिकरण काठमाडौं समेत*

रिट निवेदकले सेवा प्रवेश गर्दा पेश गरेको नागरिकताको प्रमाणपत्रमा उल्लिखित वर्ष १८ भन्ने मात्र उल्लेख भएका अवस्थामा उक्त विनियमावलीको नियम ९३(ख) अनुरूप बैशाख १ गतेलाई ५८ वर्ष उमेर पुग्ने गरी उमेर गणना गर्नुपर्ने हुन आउँछ । विनियमावलीमा भएको उक्त व्यवस्थाहरूको अध्ययन गर्दा निजामती सेवा नियमावलीमा जस्तो किटिएको जन्म मितिलाई आधार बनाउनुपर्छ भन्ने व्यवस्था रहे भएको नपाइँदा प्राधिकरणमा कार्यरत् कर्मचारीहरूका सम्बन्धमा लागू हुने उक्त विनियमावलीका प्रावधानहरू नै क्रियाशील भै सोही आधारमा उमेरको गणना गरी अनिवार्य अवकाशको मिति कायम गर्नुपर्ने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल साउन २५ रोज १ शुभम् ।

**२.**

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६५ सालको रिट नं. ०९३०, उत्प्रेषण समेत, *रविन्द्रनाथ कर्मचार्य वि. लोकसेवा आयोग समेत*

निजामती सेवा ऐन, २०४९ को दफा २१(१) बमोजिम सम्भाव्य उम्मेद्वार भैसकेको निवेदकलाई सोहीबमोजिम कार्यसम्पादन मूल्याङ्कन वर्षको औसत कायम गरी बढुवासम्बन्धी निर्णय गरिदिनुपर्नेमा निवेदकले माग नै नगरेको अवस्थामा निवेदकको हकमा प्रयोजनविहीन रहेको दफा २१(२) को ४ वर्षको न्यूनतम् सेवा अवधिको कार्य सम्पादन मूल्याङ्कनको औसत कायम गरी बढुवा मूल्याङ्कन गरेको कानूनको व्याख्यात्मक त्रुटियुक्त भै कानूनको गलत प्रयोग भएको देखिएकोले निवेदकका हकमा गरिएको बढुवा समितिको मिति २०६६।१।२२ को निर्णय र सोउपर परेको उजूरीमा विपक्षी लोकसेवा आयोगले बढुवा समितिको उक्त निर्णय सदर गर्ने गरी गरेको २०६६।३।४ को निर्णय समेत उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल मंसिर ९ गते रोज ३ शुभम् ।

**३.**

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ.पु.नं. ३६६४, सरकारी कागज कीर्ते, *रामशरण लामिछाने वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले कसूरमा इन्कार रही वयान गरेपछि सहअभियुक्तको पोलबाट कीर्ते नागरिकता बनाउने कार्यमा यी पुनरावेदक प्रतिवादी सरिक भई सरकारी कर्मचारीको दस्तखत र सरकारी कार्यालयको छाप समेत कीर्ते प्रयोग गरी विनोद गिरीका नामबाट कीर्ते नागरिकता लिएको कुरा सहअभियुक्त राजकुमार श्रेष्ठको वयान र पेश भएको नागरिकताको प्रमाणपत्र स्वयंबाट स्थापित भएको अवस्थामा आरोपित कसूरमा यी पुनरावेदक प्रतिवादीको संलग्नता छैन भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल साउन २६ रोज २ शुभम् ।

**इजलास नं. ६**

**१.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६१ सालको दे.पु.नं. ८५३१, निषेधाज्ञा, *लीला शाही वि. गोपालबहादुर शाही समेत*

जिल्ला प्रहरी कार्यालयले लेनदेनको कारोवारलाई लिएर निवेदकलाई पक्राउ नगरिएको, रकम असूल गर्न दवाव नदिएको व्यहोरा दर्शाइ लिखित जवाफ फिराएको समेत देखिएको अवस्थामा निवेदकलाई विपक्षीहरूले लेनदेनको विषयलाई लिएर पक्राउ गर्ने, रुपैयाँ असूलउपर गर्न दवाव दिने समेतको आशंकाको अवस्थाको विद्यमानता नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६५ सालको रिट नं. ००८०, उत्प्रेषणयुक्त परमादेश, *डा. रविन्द्र जोशी समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

चिकित्सक जस्तो पेशामा अगाडि बढेका निवेदक चिकित्सकहरूको आफ्नो महत्त्वपूर्ण समय अस्पताल र क्लिनिक (Clinic) मा दिनुपर्नेमा अदालतमा धाउनु पर्ने परिस्थितिको सिर्जना हुनु निश्चय पनि राम्रो होइन । चिकित्सा पेशालाई व्यवस्थित गर्नका साथै चिकित्सकको हकहितमा अग्रसर संस्था विपक्षी नेपाल मेडिकल काउन्सिलको मुख्य उद्देश्य अन्ततोगत्वा नागरिकको सेवा नै भएकोले चिकित्सकहरूलाई अदालतमा जानुपर्ने अवस्था सिर्जना हुन नदिनेतर्फ सदैव दत्तचित्त रहनु पर्ने हुन्छ । निवेदकहरूको विशेषज्ञ चिकित्सकको दर्ताको विषय लामो समयसम्म अनिर्णित रुपमा राख्नु उपयुक्त, न्यायसँगत र औचित्यपूर्ण समेत हुँदैन र सो विषय यथाशक्य चाँडो टुङ्गाउनु स्वयं सेवा प्रदायकको संस्था विपक्षीका लागि पनि श्रेयष्कर हुँने हुँदा यो आदेश प्राप्त भएका मितिले ६ महिनाभित्र निर्णय गर्न नेपाल मेडिकल काउन्सिलको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिरअली अन्सारी,** २०६२ सालको दे.पु.नं. ९८०६, सार्वजनिक ढल अतिक्रमण, *गायत्री रौनियार वि. शिवदास मानन्धर*

मिति २०४०।२।११ मा हालैको वकसपत्र प्राप्त गर्दाको अवस्था पूर्वदेखि नै सार्वजनिक ढलको रुपमा रहिरहेको अवस्थामा हाल आएर मेरो निजी ढल हो भनी वादीले भनेको बाहेकको सो कुराको प्रमाण पुऱ्याई पुष्टि गर्न सकेको देखिएन । अर्कोतर्फ सार्वजनिक ढल भएकोले त्यसलाई त्यस वरिपरिका सबै वासिन्दाले प्रयोग गर्न पाउने नै हुन्छ । त्यस्तो सार्वजनिक ढलमाथि प्रतिवादीले पर्खाल लगाएकोले सो भत्काउनु पर्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल भदौ ३० गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिरअली अन्सारी,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०५८५, हक कायम नामसारी दर्ता, *रुद्रकुमार श्रेष्ठ समेत वि. शुभमाया श्रेष्ठ (मगर)*

शुभमायाले मिति २०५१।४।१२ मा रत्नबहादुर मगरसँग दोस्रो विवाह गरी गएको मितिले स्त्री अंशधनको ८ नं. द्वारा निर्धारित हदम्याद २ वर्षभित्र फिराद गरेको अवस्था देखिएन । ऐनको हदम्यादभित्र प्रस्तुत मुद्दाको फिराद दावी नपरेबाट यसमा तथ्यभित्र प्रवेश गरी ठहर इन्साफ गर्नुपर्ने अवस्था नै नरहने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल भदौ ३० गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ८६२४, अंश नामसारी, *ईब्राहिम मियाँ वि. हविबुल्लाह मियाँ*

अंश जस्तो नैसर्गिक हकमा अंशियार नाताको प्रश्न अति संवेदनशील हुन्छ । यसलाई हल्का रुपले हेरिनु हुँदैन । यो विषय अनुमानको पनि होइन । अनुमानका आधारमा नाता कायम पनि हुन सक्दैन । नाताको प्रश्न उठेपछि अंशियार नाताको हुँ भन्ने पक्षले नै शंकारहित तवरले प्रमाण पुऱ्याउनु पर्छ । त्यस्तो प्रमाण पुऱ्याउन नसकेमा कानूनले मद्दत गर्न नसक्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल भदौ ३ रोज ४ शुभम् ।

- यसै लगाउको २०६२ सालको दे.पु.नं. ८६२३, लिखत बदर, *ईब्राहिम मियाँ वि. हविबुल्लाह मियाँ* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**६.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. ८३२, उत्प्रेषणयुक्त परमादेश, *कान्ता शाह वि. राधिका शर्मा समेत*

सरकारी निकायको समन्वयको अभावमा समयमै सूचना प्रवाह हुन नसकेको कारणबाट रिट निवेदकलाई योग्यता क्रमबाट हटाई विपक्षी राधिका शर्मालाई नियुक्ति प्रदान गरिएको भन्ने विपक्षीले लिखित जवाफमा स्वीकार गरेबाट समन्यायको सिद्धान्तसमेतले बढुवा पाएको कर्मचारीलाई घटुवा गर्न उपयुक्त नहुने ।

राधिका शर्मा लामो समयसमम दुर्गम क्षेत्रमा शिक्षा सेवामा समर्पित महिला भएबाट शिक्षण सेवाबाट निज मुक्त हुन जाने अवस्थाको सिर्जना हुनु समन्यायिक दृष्टिकोणबाट समेत न्यायोचित एवँ औचित्यपूर्ण देखिन नआउँदा निजलाई निज कार्यरत जाजरकोट जिल्लास्थित रिक्त दरबन्दी भए सोमा र नभए पछि रिक्त हुन आउने शिक्षक पदको दरबन्दीमा मिलान गरिदिनु भन्ने समेत जिल्ला शिक्षा कार्यालय जाजरकोटसमेतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल भदौ १६ रोज ३ शुभम् ।

## इजलास नं. ८

**१.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको रिट नं. ००९८,उत्प्रेषणयुक्त परमादेश, *श्यामलाल मानन्धर वि. मकवानपुर जिल्ला अदालत हेटौडा समेत*

फैसला कार्यान्वयन गर्नु गराउनु पर्ने कानूनी दायित्व यी निवेदकमा समेत रहेको छ । फैसलाबमोजिम ५ भागको १ भागको मात्र हकदार रहेका यी निवेदकले कहिले हदम्याद नघाई दर्खास्त परेको भनी तथा कहिले विवाह खर्च पर सार्नुपर्ने होइन भन्ने जस्ता वहाना रची फैसलालाई निस्तेज बनाई फैसला कार्यान्वयन हुनै नदिने उद्देश्यले दायर भएको प्रस्तुत रिट निवेदनबाट निवेदकको मौलिक हक हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : रमेश ज्ञवाली
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६२ सालको रिट नं. ३५८५, उत्प्रेषणयुक्त परमादेश, *श्यामलाल मानन्धर वि. मकवानपुर जिल्ला अदालत हेटौडा समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**२.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं.७२०, निषेधाज्ञा परमादेश, *पुरुषोत्तम खनाल वि. जिल्ला शिक्षा कार्यालय मकवानपुर समेत*

विपक्षीमध्येका कुन-कुन विद्यालयका कक्षा कोठाहरू के कति नाप साइजका छन् र त्यस्ता साघुँरा कक्षा कोठामा के कति विद्यार्थी राखी पठन

पाठन भएको छ भनी यी पुनरावेदकले रिट निवेदनमा यकीनसाथ उल्लेख गरेको पाईदैन । यसरी निवेदकले उल्लेख गर्न नसकेको विषयमा अदालतले विपक्षी विद्यालयहरूले साघुँरा कोठामा बढी विद्यार्थी राखी कोचाकोच गरी पठन पाठन गराएका होलान् अनुमानकै भरमा आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको दे.पु.नं. ८७२०, निषेधाज्ञा, *श्यामलाल मानन्धर वि. कृष्णलाल मानन्धर समेत*

मालपोत ऐन, २०३४, अनुसार जग्गाको दाखिल खारेज गर्ने काम मालपोत कार्यालयको भएकोमा अदालतले समेत दाखिल खारेज गर्नु भनी लेखी पठाएको देखिँदा सो सम्बन्धमा आवश्यक कुरा बुझ्नको लागि पठाएको म्यादले यी पुनरावेदकको कानूनद्वारा प्रदत्त नागरिक हकमा आघात पुग्ने आशंकाको स्थिति विद्यमान रहे भएको नदेखिने ।

इजलास अधिकृत : रमेशबहादुर ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको WO-१००६, उत्प्रेषणयुक्त परमादेश, *मचाम महर्जन समेत वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निजामती सेवा ऐन, २०४९ को दफा १८ ङ तथा दफा २४ घ २ र निजामती सेवा नियमावली, २०५० को नियम ३३ बमोजिम स्तरवृद्धि पाउने हक निवेदकहरूमा सुरक्षित भएको अवस्थामा सोबमोजिमको स्तरवृद्धि समेत पाई भोगिसकेको हक र सुविधामा असर पर्ने गरी कुनै निर्णय वा पत्राचार भएको भए सो समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल कात्तिक २४ रोज ३ शुभम् ।

यस्तै प्रकृतिका निम्न लिखित मुद्दाहरूमा यसैअनुरूप निर्णय भएको छ :

- २०६५ सालको WO-१००७, उत्प्रेषणयुक्त परमादेश, *माधव पौडेल वि. सामान्य प्रशासन मन्त्रालय समेत*
- २०६५ सालको WO-१००८, उत्प्रेषणयुक्त परमादेश, *कान्छा तामाङ्ग समेत वि. सामान्य प्रशासन मन्त्रालय समेत*
- २०६६ सालको WO-१०२०, उत्प्रेषणयुक्त परमादेश, *कृष्णप्रसाद दंगाल समेत वि.सामान्य प्रशासन मन्त्रालय समेत*

५.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ७५९, परमादेश, *रामभगत वि.क समेत वि. जिल्ला भू-संरक्षण कार्यालय सिम्लाङ्ग मकवानपुर समेत*

नेपाल सरकारले मात्र गर्नुपर्ने कामका बारेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय वा विभागलाई विपक्षी नबनाई निवेदन दायर भएको देखियो । विपक्षी कार्यालय नेपाल सरकारको जिल्लास्तरीय इकाई कार्यालय मात्र भएको र सो कार्यालयले निवेदनमा उठाइएका विषयवस्तुको बारेमा निर्णय गर्न सक्ने नदेखिँदा यस्तो असम्बन्धित जिल्लास्तरीय इकाई कार्यालयसम्मलाई विपक्षी बनाई जुन निकायले कानूनी प्रावधानलाई सक्रिय बनाउनु पर्ने हो सो निकायलाई विपक्षी नबनाई दायर भएको मुद्दाबाट पुनरावेदकहरूको माग बमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको दे.पु.नं. ७६०, परमादेश, *सिँहबहादुर मुक्तान समेत वि. जिल्ला भू-संरक्षण कार्यालय सिम्लाङ्ग मकवानपुर समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

६.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको फौ.पु.नं. ३५०३, चोरी, *श्री ५ को सरकार वि. गुल्ली कबडिया*

जाहेरबालाको जाहेरी व्यहोरामा उल्लिखित व्यहोरा, निजले आफ्नो हातमा भएको झोला खोसी भागेका हुन् भन्ने जाहेरी व्यहोरालाई पुष्टि गर्दै अदालतसमक्ष गरेको बकपत्र एवं मौकामा बुझिएका व्यक्तिले जाहेरबालाको नगद तथा जिन्सी धनमाल जवर्जस्ती खोसी लगेको हुन् भनी अदालतसमक्ष गरिदिएको वकपत्र समेतबाट प्रस्तुत वारदात लुटपीटको १ नं. को परिभाषाअन्तर्गत नै पर्ने देखिन आउने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल साउन २६ रोज २ शुभम् ।

७.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ११४८, जग्गा खिचोला चलन, *हरिकेशव फुँयाल वि. श्री राधाकृष्ण भगवान मन्दिर सञ्चालक समिति समेत*

साविकदेखि संस्था दर्ता गरी दर्ताबाला मन्दिरको जग्गाको सम्बन्धमा जग्गाधनी प्रमाण पूर्जा बुझी तिरो भोग व्यवहार समेत गरिआएको भन्ने दावी वादीले लिएको भएपछि सोको सम्बन्धमा सबुद प्रमाण बुझी निर्णय गर्नुपर्ने हुन्छ । वादी दावी नै मुलुकी ऐन अ.नं. ८२ नं. बमोजिम नभएको भनी हकदैयाको प्रश्न उठाई खारेज गर्न नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

इति संवत् २०६६ साल असोज १९ रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएको छ :

- २०६३ सालको दे.पु.नं. ११४९, जग्गा खिचोला चलन, *हरिकेशव फुयाल वि. श्री राधाकृष्ण भगवान मन्दिर सञ्चालक समिति समेत*
- २०६३ सालको फौ.पु.नं. ०३८३, जालसाजी, *हरिकेशव फुयाल वि. श्री राधाकृष्ण भगवान मन्दिर सञ्चालक समिति समेत*

८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको रिट नं. ०६५ WO-०१८२, उत्प्रेषण, *अधिवक्ता सीताशरण मण्डल वि. नेपाल सरकार गृह मान्त्रालय काठमाडौं समेत*

फौजदारी कानूनको सही कार्यन्वयन समग्र समाजको लागि सरोकारको विषय हुन्छ तर त्यस्तो भनेर हरेक फौजदारी मुद्दामा जो कोहीले पनि प्रतिनिधित्व गर्न सक्छ भन्ने हो भने यो बाञ्छित हदभित्र व्यवस्थापन गर्न नसकिने विषय भएर जान्छ । जुनसुकै मुद्दाको हकमा असर पर्ने वा खास सरोकारबाला पक्षले नै प्रतिनिधित्व गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा निवेदकको आफ्नो सरोकारको कारण प्रष्ट उल्लेख गरी आएको नदेखिँदा प्रस्तुत विषयलाई सार्वजनिक सरोकारको विषयको रुपमा लिन नसकिने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल बैशाख २१ रोज २ शुभम् ।

९.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. WO-००६०, उत्प्रेषण मिश्रित परमादेश, *वाइ पी. खट्टर वि. नेपाल ओरिण्ड मेग्नेसाइट प्राइभेट लिमिटेडको सञ्चालक समिति समेत*

निवेदक ओरिसा इण्डष्ट्रिज लि. विदेशी कम्पनी भएको र कम्पनीको अख्तियार प्राप्त व्यक्ति भनी रिट निवेदन दायर गर्ने यी निवेदक पनि विदेशी भएकोले कम्पनीसँगको विवादमा विदेशी

लगानी तथा प्रविधि हस्तान्तरण ऐनअन्तर्गत उद्योग विभागमा उजूर गर्नुपर्ने हुन्छ । सो प्रक्रियामा नगई नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम संविधानद्वारा प्रदत्त मौलिक एवं कानूनी हक हनन् भयो यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रवेश गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ बैशाख २१ गते रोज २ शुभम् ।

**१०.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ६०३, दर्ता बदर, निर्णय बदर, *जसदी तिवारी समेत वि. थानेश्वर भण्डारी*

लेनदेन व्यवहारको १० नं. ले संगोलका अंशियारहरूको हक लाग्ने सम्पत्ति निजहरूको मञ्जूरीबिना कुनै अंशियारले हक हस्तान्तरण गरिदिए राजिष्ट्रेशन भएको मितिबाट एक वर्षसम्म थाहा पाएको ३५ दिनभित्र उजूर गरी सक्नुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत सन्दर्भमा लिखत रजिष्ट्रेशन भएको लिखत नभएको र लिखत फिरादसाथ पेश नभएको अवस्थामा अनुमानको भरमा अंशियार कायम गरी लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र फिराद परेको मानी दावीबमोजिम ठहर गर्नु कानूनसम्मत नहुने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

**११.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको रिट नं. ०५९८ उत्प्रेषणयुक्त परमादेश, *भगवती थापा वि. भूमिसुधार कार्यालय काठमाडौं समेत*

निवेदिका भगवती थापाले होमबहादुर थापा आफ्नो पति भनी भनेको र होमबहादुर थापाका नाउँमा केही जग्गा निजको नाउँमा नामसारी समेत भइसकेको परिप्रेक्षमा निजले आफ्ना कुरा समेत भन्ने मौका समेत पाउनुपर्नेमा निजलाई सो मौका प्रदान गरेको देखिँदैन । यसरी आफ्नो भनाई राख्ने मौका नै प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने गरी प्रशासनिक तवरले नै विवादास्पद कुराको निर्णय गरेको देखिएकोले उक्त निर्णय कायम रहन नसक्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल भदौ १० गते रोज ३ शुभम् ।

**१२.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको रिट नं. २८८७, उत्प्रेषण, *सुनर महतो कोइरी वि. मालपोत कार्यालय सर्लाही समेत*

मालपोत कार्यालयले २०६०।८।१७ मा निर्णय गरेपछि सो निर्णयउपर प्रचलित कानूनबमोजिम सुनर महतोले पुनरावेदन गरेकोमा पुनरावेदन अदालत जनकपुरबाट मालपोत ऐन, २०३४ को दफा २४ अर्न्तगत भएको निर्णयमा पुनरावेदन नलाग्ने हुँदा पुनरावेदन खारेज हुने ठहर्‍छ भनी मिति २०६२।४।२७ मा फैसला भएको अवस्था देखिन्छ । निवेदकले यस अदालतमा रिट निवेदन दिँदा पुनरावेदन अदालत जनकपुरलाई विपक्षी बनाएको देखिँदैन । साथै प्रचलित कानूनबमोजिम सामान्य क्षेत्राधिकारअन्तर्गत उपचारको कानूनी बाटो अवलम्वन गरेकोमा पुनरावेदन अदालतको फैसलाउपर थप कानूनी उपचारको बाटो अवलम्बन नगरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिदा खारेज हुने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असोज २२ रोज ५ शुभम् ।

**१३.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको स.फौ.पु.नं. ०६५-CR-

०३७४, कर्तव्य ज्यान, *नन्दकली यरी वि. नेपाल सरकार*

लोग्नेको बुहारीसँग अवैध सम्बन्ध राखेको विषयलाई लिएर प्रतिवादी र मृतकबीच पहिलेदेखि नै बैमन्य रहेको र पारिवारिक सम्बन्ध असामान्य रहिआएको कारण अपराध घटाई घटनालाई अन्यत्र मोडेन चिउरीको रुखमा कुखुराको रगत लगाउने जस्तो काम समेत गरेको देखिँदा मनसायपूर्वक नै लोग्नेलाई कर्तव्य गरी मारेको देखिन आउने ।

इजलास अधिकृत : भुवनसिँह थापा
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल भदौ २४ गते रोज ४ शुभम् ।

**१४.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको स.फौ.पु.नं. ०६५-CR-०३७६, जीउ मास्ने बेच्ने, दिलीप *सुवेदी वि. नेपाल सरकार*

पुनरावेदक/प्रतिवादीले आफू विरुद्ध लागेको कसूर खण्डन हुने गरी सबुद प्रमाण पेश गरी प्रमाणित गर्न सकेको अवस्था छैन । जबकि जीउ मास्ने बेच्ने अपराधमा प्रतिवादीले नै आफू विरुद्ध लागेको अपराध आफूले गरेको होइन भनी प्रमाण पुऱ्याउन पर्ने दायित्व जीउ मास्ने बेच्ने अपराध (नियन्त्रण) ऐन, २०४३ को दफा ७(१) ले प्रतिवादीमाथि नै राखेको अवस्था देखिने ।

इजलास अधिकृत : भुवनसिँह थापा
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल भदौ २४ गते रोज ४ शुभम् ।

**१५.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०१३३, उत्प्रेषणयुक्त परमादेश, *रुपक शाह समेत वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

निवेदकहरूले प्रस्तुत रिटमा उठाएका प्रश्नको सम्बन्धमा उजूरी सुन्ने आधिकारिक निकायमा कानूनमा भएको प्रावधानबमोजिम उजूरी नगरी वैधानिक बाटोलाई नपछ्याई एकैपटक आफ्नो संवैधानिक हक हनन् भयो भनी यस अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखियो । वैकल्पिक उपचारको मार्ग विद्यमान नभएमा वा वैयक्तिक उपचारको मार्ग प्रभावकारी नभएमा मात्र रिट क्षेत्रमा प्रवेश गरी उपचार पाइनेमा सो वैकल्पिक उपचारको मार्गमा प्रवेश नै नगरी दायर भएको प्रस्तुत रिटबाट निवेदकहरूले चाहे जस्तो उपचार पाउन र दिन समेत नमिल्ने ।

इजलास अधिकृत : रमेश ज्ञवाली
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम्

**१६.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रिट नं. ३२३१, उत्प्रेषण परमादेश, *अम्बिकाप्रसाद घिमिरे वि.श्री राष्ट्रिय वाणिज्य बैंक के. कार्यालय समेत*

बैंकको कर्मचारी नियमावलीमा व्यवस्था भएबमोजिम बैंकले स्वेच्छिक अवकाश लिन इच्छुक कर्मचारीहरूको लागि परिपत्र गरेअनुसार निज निवेदकले स्वेच्छिक अवकाशको लागि निवेदन दिएको र बैंकले निजलाई शुरु स्केलमा घटुवा गर्ने गरी विभागीय सजाय गरेको र सोउपर निजले सञ्चालक समितिसमक्ष पुनरावेदन गरेको कारण सो पुनरावेदनको टुङ्गो नलागेसम्म स्वेच्छिक अवकाशलाई स्वीकार गर्न नसक्ने भन्ने निवेदन दिइरहेकोमा सञ्चालक समितिले साविक निर्णयलाई नै सदर गरेको पाइन्छ । यसरी आफूउपर भएको कारवाहीको सम्बन्धमा बैंकको नियमावलीमा भएको व्यवस्थाबमोजिम पुनरावेदन गर्दै जाने र त्यसलाई उपचार प्राप्त गर्न नसकेपछि दोहोरो सुविधा लिने गरी रिट क्षेत्रबाट उपचार खोज्न नमिल्ने ।

इजलास अधिकृत : भुवनसिँह थापा
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ भदौ २१ गते रोज १ शुभम् ।

**१७.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं.

३३५९, उत्प्रेषणयुक्त परमादेश, *दीपकबहादुर पाण्डे वि. सञ्चालक समिति गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

गुठी संस्थान कर्मचारी सेवा शर्त सुविधा सम्बन्धी विनियम, २०५१ को विनियम ४० मा उल्लिखित बढुवाको आधारबमोजिमको अङ्क गणना गरी सबैभन्दा बढी अङ्क पाउने उम्मेद्वारलाई बढुवा गरेको देखियो । विनियममा नै सबैभन्दा बढी अङ्क पाउने उम्मेद्वारलाई बढुवा गरिनेछ भनी उल्लेख भएको पाइदा सबै उमेदवारको अङ्क गणना गरी सबैभन्दा बढी पाउने उम्मेद्वारलाई गरेको बढुवाको निर्णयबाट रिट निवेदकको संवैधानिक हक अधिकार हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : रमेश ज्ञवाली
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल असार ७ गते रोज १ शुभम् ।

**१८.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०८४५, उत्प्रेषणयुक्त परमादेश,*संजयकुमार मण्डल समेत वि. वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् समेत*

कसैले कुनै कुराको निर्णय गर्नुपूर्व सो निर्णय कुन कानूनअनुकूल रहेको छ भन्नेतर्फ पनि सचेतता अपनाउनु पर्ने हुन्छ । कानूनी आधारलाई टेकेर भएको निर्णयको महत्त्व वेग्लै रहेको हुन्छ । कार्यकारी अध्यक्षले टिप्पणी आदेशका भरमा कुनै कर्मचारीलाई स्थायी गर्न सक्ने कानूनी आधार सहित आफ्नो नियुक्ति स्थायी भएको हो भनी निवेदकहरूले देखाउन नसकेको अवस्थामा बिना कानूनी आधार अध्यक्षबाट भएको निर्णयको कानूनी हैसियत नरहने ।

इजलास अधिकृत : रमेश ज्ञवाली
कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

**१९.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. WO-०९९९, उत्प्रेषण, *सुग्रीम कोइरी वि. प्रहरी उपरिक्षक पश्चिम क्षेत्रीय प्रहरी कार्यालय पोखरा समेत*

निवेदकलाई सेवाबाट हटाउने निर्णय गर्नु पूर्व रीतपूर्वकको सूचना नदिएको तथा नियमावलीको व्यवस्थाबमोजिम छुट्टै पर्चा समेत खडा नगरी कार्यविधिको स्पष्ट उल्लंघन गरी पश्चिम क्षेत्रीय प्रहरी कार्यालयले गरेका निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : विमल पौडेल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल भदौ १५ गते रोज २ शुभम् ।

**२०.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको स.फौ.पु.नं. CR-१७१, कुटपीट अङ्गभंग, *नेपाल सरकार वि. अनिवास राई समेत*

प्रतिवादी अनुसन्धानकै क्रममा पक्राउ परेका र निजको अधिकारप्राप्त अधिकारीसमक्ष वयान गर्दा समेत पीडितलाई कुटपीट गर्ने कार्यमा आफ्नो संलग्नता नरहेको भनी इन्कारी रहनुका साथै अदालतसमक्ष वयान गर्दा समेत अपराधमा कुनै सहभागीता नरहेको भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ । त्यस्तै अर्का प्रतिवादीले अदालतसमक्ष वयान गर्दा आफूउपर लागेको अभियोगमा पूर्ण इन्कार रहेको देखिन्छ । अनुसन्धानको क्रममा कागज गर्ने मानिसहरूले पनि मिति २०६१।६।२६ गते पीडितलाई कुटपीट गर्दाको अवस्थामा यी प्रत्यर्थी प्रतिवादीहरूको प्रत्यक्ष संलग्नता रहेको देखाउन सकेको पाइदैन । कुटपीटको समयमा प्रयोग भएका मोटरसाइकल एवं खुकुरी जस्ता हतियारहरू निजहरूको साथबाट वरामद भएको अवस्था पनि छैन । निजहरूले पीडितलाई चोट छोडेको वा चोट

छाड्नको लागि आवश्यक वातावरण तयार गरेको भन्ने पनि मिसिल प्रमाणबाट नदेखिँदा अभियोग दावीबाट सफाई पाउने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

**२१.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको स.फौ.पु.नं. ००२७, सवारी ज्यान, *नेपाल सरकार वि. भुपेन्द्रप्रसाद कोइराला*

तीव्र गतिमा चलेका मोटरसाइकलहरू एक आपसमा ठोक्किदा २।३ फीट मोटरसाइकल उछिट्टिनु स्वाभाविक भएको र मृतक र मृतकले चढेको मोटरसाइकल सडकको दाँया साइडमा रहेकै कारणबाट प्रत्यर्थी प्रतिवादीले गलत साइडबाट मोटरसाइकल चलाई दुर्घटना गराएको भनी अनुमान गर्न मिल्न सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : भुवनसिँह थापा

इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

**२२.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको रिट नं. २९७३, परमादेश समेत, *भरतमणि गौतम समेत वि. मन्त्रिपरिषद्को कार्यालय काठमाडौँ समेत*

भूमिसम्बन्धी ऐनमा भएको व्यवस्थाबमोजिम जग्गाबालाले जग्गाधनीको हैसियतले र मोहीले मोहीको हैसियतले कमाउन पाउने जग्गाको लगत राखी हदवन्दीभन्दा बढी जग्गा राख्ने जग्गाधनी र मोहीको जग्गा राज्यले प्राप्त वा जफत गरी सम्बन्धित गा.वि.स.वा नगरपालिकाका भूमिहीन त्यसमा पनि मुक्त कमैया, दलित, आदिवासी वा जनजातिलाई विक्री वितरण गरिदिँदा ती वर्गहरूको जीविकोपार्जनको व्यवस्था हुनुको अतिरिक्त जग्गा बाँझो रहने हालको अवस्थाको पनि अन्त्य हुँदै जाने ।

इजलास अधिकृत : भुवनसिँह थापा

इति संवत् २०६६ साल बैशाख २३ रोज ४ शुभम् ।

**२३.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको रिट नं. ०६५-WO-००८८, उत्प्रेषण परमादेश, *वीरेन्द्रराज पोखरेल वि. नेपाल वायु सेवा निगम समेत*

निवेदकले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले मिति २०६४।६।१० मा सार्वजनिक संस्थानहरूमा अपाङ्गहरूको आरक्षण सम्बन्धमा पठाएको पत्रको विपक्षी नेपाल वायुसेवा निगमले पालना नगरेको भन्ने सम्बन्धमा हेर्दा राज्यले अपाङ्गहरूको अधिकारको संरक्षणको लागि समावेशी सिद्धान्तअनुरूप राज्यका हरेक अङ्गहरूमा सहभागीता गराउन विशेष कानून बनाई विशेष व्यवस्था गरी नसकेको अवस्थामा निगमले उक्त मन्त्रालयको पत्रको कार्यान्वयन नगरेको भनी अर्थ गर्न नमिल्ने ।

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल बैशाख २३ रोज ४ शुभम् ।

**२४.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको रिट नं. २५४८, उत्प्रेषण, *विष्णुहरि ढकाल वि. मन्त्रिपरिषद्को कार्यालयसमेत*

युद्ध र संकटकालीन समयमा सञ्चार मन्त्रालयले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिनसक्ने प्रसारण नियमावलीमा भएको व्यवस्थाबमोजिम निवेदक प्रा.लि. समेतलाई देश द्वन्द्वरत अवस्थामा रहेको कारण विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्न सूचना जारी गरेको देखिन्छ । राष्ट्रिय प्रसारण ऐनले कुनै पनि प्रसारण संस्थालाई कुन-कुन कार्यक्रम उत्पादन र प्रसारण गर्ने भनी शर्त तोक्नसक्ने अधिकार दिएको स्थितिमा मन्त्रालयले तोकेको शर्तविपरीत समाचारमूलक कार्यक्रम प्रसारण गरेकोमा स्पष्टीकरण सोधेको कार्य उक्त ऐन नियम विपरीत भएको भन्न नमिल्ने ।

इजलास अधिकृत : भुवनसिँह थापा

इति संवत् २०६६ साल बैशाख २३ रोज ४ शुभम् ।

यसै प्रकृतिको निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएको छ :

- २०६२ सालको रिट नं. ३६५९, उत्प्रेषण परमादेश, *माधवकुमार बस्नेत समेत वि. मन्त्रिपरिषद्को कार्यालय काठमाडौं समेत*
- २०६२ सालको रिट नं. ३७६०, उत्प्रेषण, *माधवकुमार बस्नेत समेत वि. टंकप्रसाद ढकाल समेत*

**२५.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ११२३, उत्प्रेषण, *ज्ञानेन्द्रदास श्रेष्ठ वि. रमादेवी मानन्धर समेत*

कुनै पनि व्यक्तिले साधारण क्षेत्राधिकार प्रयोग गरी तह-तह निवेदन दिइसकेपछि गम्भीरतम कानूनी त्रुटि वा संवैधानिक अधिकारको अतिक्रमण भएको कुरालाई स्पष्ट रुपमा उल्लेख नगरी पुनः सोही विषयलाई लिएर असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेकै भरमा असाधारण अधिकारक्षेत्रभित्र प्रवेश गरी बिनाआधार दायर भएको रिटबाट उपचार दिन समेत नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल भदौ १७ गते रोज ४ शुभम् ।

- यस्तै प्रकृतिको २०६४ सालको रिट नं. १२६, उत्प्रेषण समेत, *ज्ञानेन्द्रदास श्रेष्ठ वि. रमादेवी मानन्धर समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**२७.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३६८७, उत्प्रेषणयुक्त परमादेश र प्रतिषेध, *गणेशीदास बैरागी वि. जिल्ला प्रशासन कार्यालय राजविराज सप्तरी समेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २८ (झ) को देहाय (१) मा गाउँ विकास क्षेत्र भित्रका धर्मस्थल तथा धर्मशाला, पाटी पौवा आदिको लगत राखी रेखदेख र संरक्षण गर्ने गराउने भन्ने र ऐ.ऐ. देहाय (२) मा विभिन्न भाषा, धर्म र संस्कृतिको संरक्षण गर्ने गराउने र तिनीहरूको विकासमा सहयोग गर्ने भन्ने उल्लेख भएको देखिन्छ । यस व्यवस्थाबाट गा.वि.स. ले गा.वि.स. भित्र सार्वजनिक रुपमा रहेका धार्मिकस्थलको मात्र रेखदेख र संरक्षण गर्नसक्ने अधिकार रहेको बाहेक कुनै व्यक्तिको व्यक्तिगत सम्पत्तिमा हस्तक्षेप गर्ने गरी कुनै मठ धार्मिक स्थलको रेखदेख, संरक्षण र सञ्चालनमा कुनै निर्णय गर्ने अधिकार रहेको नदेखिने ।

इजलास अधिकृत : भुवनसिँह थापा
कम्प्युटर : बेदना अधिकारी/मुकुन्द विष्ट
इति संवत् २०६६ साउन ३० गते रोज ६ शुभम् ।

**२८.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको -WO-१०१५, उत्प्रेषण परमादेश, *अधिवक्ता राजीव बास्तोला वि. न्याय परिषदको सचिबालय समेत*

न्यायपरिषद्ले पूर्णता नपाएकै कारणले मात्र राष्ट्रिय महत्त्व र सरोकारको संवेदनशील विषयलाई तत्काल सम्बोधन गर्न नसके त्यसले न्यायपरिषद्को भूमिकाप्रति नकारात्मक असर पुग्ने र आफ्नो संवैधानिक दायित्व एवं कर्तव्यबाट न्यायपरिषद् विमूख हुने स्थिति नआओस् भनेर न्यायपरिषद्बाट पछि अनुमोदन गराउने गरी न्यायपरिषद्का अध्यक्ष एवं सम्माननीय प्रधान न्यायाधीशबाट न्यायाधीशहरूलाई आयोगमा खटाउने निर्णय गरी सो निर्णय मिति २०६४।२।३ को निर्णयानुसार अनुमोदन समेत भैसकेको भन्ने लिखित जवाफबाट देखिँदा प्रक्रिया पूरा गरी भएको सिफारिशमा आपत्तिजनक काम भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : रमेश ज्ञवाली
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल असार २४ रोज ४ शुभम् ।

**२९.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WH-००६९, बन्दीप्रत्यक्षीकरण, *रामप्रसाद घिमिरे वि. गृह मन्त्रालय काठमाडौं समेत*

निवेदकले प्रचलित कानूनविपरीतको कार्य गरेको भन्ने विषयमा अधिकारप्राप्त अधिकारीले अनुसन्धान प्रारम्भ गरी सो प्रयोजनका लागि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम हिरासतमा राखी अनुसन्धान तहकिकात गर्न अनुमति समेत लिई निवेदकलाई हिरासतमा राखेको देखिदा यस्तो हिरासतलाई गैरकानूनी हिरासत मान्न नसकिने ।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २४ रोज ४ शुभम् ।

**३०.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०६५४, उत्प्रेषणयुक्त परमादेश, *केशवलाल ताम्राकार वि. गुठी सञ्चालन केन्द्रीय कार्यालय काठमाडौं समेत*

सार्वजनिक सरोकारको विवाद हुन त्यस्तो विवादले आम जनसमुदायको हित र स्वार्थसँग सरोकार राख्नु पर्दछ । गुठी संस्थानबाट आफ्नो विभिन्न शाखा कार्यालयहरूमा चाहिने पूजाआजा, पर्वको लागि सामान आपूर्ति गर्ने बोलपत्र आव्हान गरेको भएपनि निवेदकको त्यस सम्बन्धमा भन्दा पनि आफूलाई ठेक्का नपरेको विषयमा निवेदन गरेको र निजलाई ठेक्का पर्नु वा नपर्नुले जनसाधारण वा आमसमुदायको हित र स्वार्थमा कुनै प्रभाव नपर्ने हुँदा प्रस्तुत विवादलाई सार्वजनिक सरोकारको विवाद भन्न नमिल्ने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल साउन ३० रोज ६ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं. ०६३-WO-०६५५, उत्प्रेषणयुक्त परमादेश, *अरेन्द्र महर्जन वि. गुठी सञ्चालन केन्द्रीय कार्यालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**३१.**

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ३४२२, उत्प्रेषण समेत, *प्रेमकुमारी लामा वि. नेपाल बङ्गलादेश बैंक लिमिटेड काठमाडौं समेत*

निवेदिकाले जे सुकै प्रयोजनका लागि पनि बैंकबाट ऋण लिएपछि सोको साँवा व्याज नियमानुसार बुझाउनु पर्ने कानूनी दायित्व निजको नै हुने देखिन्छ । एकपटक सम्झौता (करार) गरी दृष्टिबन्धकसमेत पारित गरी दिइसकेपछि सम्झौतामा उल्लेख भएको शर्तअनुसार दुवै पक्ष चल्नु पर्ने देखिन्छ । शर्तअनुसार आफूले व्यवहार नगर्ने अनि सम्झौताबमोजिमको कार्य गर्न अर्को पक्षलाई निषेध गर्ने कार्य वैधानिक प्रक्रियाको विरुद्ध हुन जाने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

**३२.**

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको स.फौ.पु.नं.६३५, जवर्जस्ती करणी, *नेपाल सरकार वि. देवराज भट्ट*

जाहेरबाली पीडितउपर जवर्जस्ती करणीको वारदात भएको मिति २०६१।१०।२९ बाट धेरै दिनपछि मिति २०६१।११।९ मा स्वास्थ्य परीक्षण प्रतिवेदन पेश भएको र सो प्रतिवेदनमा Hymen च्यातिएको भन्ने उल्लेख भएतापनि मिसिल संलग्न प्रमाणहरूबाट जवर्जस्ती करणीकै कारण Hymen च्यातिएको भन्ने तथ्य भएको पुष्टि हुन सकेको पाइदैन । पीडितलाई प्रतिवादीहरूले हातखुट्टा बाँधी बोकी टाढा लगी जवर्जस्ती करणी गरेको भए पीडितको शरीरमा संघर्षका चिन्हहरू तथा पीडितको लुगामा शरीर र योनीमा वीर्य देखिनुपर्ने सो दखिन आएको अवस्था छैन । जाहेरबालीको बुबा महादत्त भट्ट र प्रतिवादी देवराज भट्टको

बीचमा पूर्व रिसइवी रहे भएको कुरा स्वयं पीडितको बकपत्रबाट खुल्न आएको र त्यसलाई विश्वास नगर्नुपर्ने आधार समेत नरहेको अवस्थामा पूर्व रिसइवीकै कारण षड्यन्त्रपूर्वक झूट्ठा आरोप लगाएको कुरा पुष्टि हुन आउने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल साउन २५ रोज १ शुभम् ।

## इजलास नं. ९

**१.**

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री ताहिरअली अन्सारी,** २०५८ सालको रिट नं.३३२९, उत्प्रेषण मिश्रित परमादेश, *महेन्द्रबहादुर श्रेष्ठ वि. नेपाल बैंक लिमिटेड प्रधान कार्यालय समेत*

रिट निवेदकलाई नेपाल बैंक लिमिटेड कर्मचारी नियमावली, २०४८ को नियम ८.६ (घ) को कसूरमा सोही नियमावलीको ८.१.७ बमोजिम भविष्यमा सो बैंकको सेवाका लागि सामान्यतः अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने समेत का.मु. महाप्रवन्धकको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी सञ्चालक समितिबाट गठित कर्मचारीसम्बन्धी उपसमितिबाट भएको निर्णयमा अधिकारक्षेत्रको त्रुटि नदेखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०५८ सालको रिट नं. ३३०२, उत्प्रेषण मिश्रित परमादेश, *मधुर श्रेष्ठ वि. नेपाल बैंक लिमिटेड प्रधान कार्यालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**२.**

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री ताहिरअली अन्सारी,** २०६० सालको रिट नं. ३३४८, उत्प्रेषणयुक्त परमादेश समेत, *जयमंगल यादव वि.शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

निवेदकलाई अवकाश दिएको निर्णय पदीय हकसम्बन्धी निर्णय भएको र प्रचलित कानून र सिद्धान्तको आधारमा प्रत्यर्थी शिक्षा तथा खेलकुद मन्त्रालयले आफूमा निहित अधिकार प्रयोग गरी निवेदकलाई कारवाही र सजाय गरेको कुरालाई यसो हो उसो हो भनी कानूनभन्दा बाहिर गएर बोल्न मिल्दैन । अधिकारप्राप्त अधिकारीले गरेको निर्णय न्यायपूर्ण भएन वद्नियतपूर्ण समानताको हक कुण्ठित हुने गरी भएको भन्ने सम्बन्धमा निवेदकतर्फबाट ठोस र तथ्ययुक्त आधार प्रमाण पेश गरी पुष्ट्याई गराउन सकेको नदेखिँदा रिट खारेज हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम् ।

**३.**

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ CR-०३६५, कर्तव्य ज्यान, *दलबहादुर भट्टराई वि. नेपाल सरकार,* २०६५-CR-०४२२, *नेपाल सरकार वि. डेगराज भट्टराई*

जाहेरबालाहरू र मौकामा कागज गर्ने व्यक्तिहरूले मौकाको व्यहोरालाई अदालतमा उपस्थित भई समर्थन गर्दै बकपत्र गरेका, प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतसमक्ष उपस्थित भई वयान गर्दा पनि कसूरमा सावित भई घटनाको विवरण मालाकार रुपमा उल्लेख गरेको पाइन्छ । यसरी अभियोगपत्रमा यी प्रतिवादी विरुद्ध लगाएको अभियोग स्वतन्त्र प्रमाणबाट पुष्टि भइरहेको देखिन्छ । प्रतिवादीले आफ्ना साक्षी प्रमाण समेतबाट निर्दोषिता प्रमाणित गर्नसकेको छैन । पुनरावेदनपत्रमा कसूरबाट सफाई पाऊँ भन्दैमा सफाई दिन मिल्ने अवस्था नहुने ।

अर्का प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा उपस्थित भई वयान गर्दा पनि कसूर अपराध गरेकोमा पूर्णतः इन्कार रहेको देखिन्छ । सहअभियुक्त पिताले यी प्रतिवादउपर पोल गरी आफूले एक्लैले भाईलाई

मारेको भनी वयान गरेका छन् । यी प्रतिवादीले मृतकलाई मारेको देखेको भनी कसैले भन्न पनि नसकेको अवस्थामा जाहेरीपोलकै आधारमा यी प्रतिवादीलाई कसूरदार ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम्

**४.**

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५-CR-०१२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सोमबहादुर आले,* २०६५-CR-०२१८, *सोमबहादुर आले वि. नेपाल सरकार*

मौकाको प्रतिवेदन व्यहोरा, वरामदी मुचुल्का, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको वयान कागज, वस्तुस्थिति मुचुल्काका मानिस तथा बुझिएका समेतको कागज, प्रतिवेदक समेतको बकपत्रको व्यहोरामा उल्लेख भएको कुरालाई छातीमा गोली लागेको भन्ने अस्पतालबाट उल्लेख गरेको मृत्युको कारण समेतले समर्थन गरिरहेको देखिँदा पेस्तोल समेत देखाई रकम लुटी, स्थानीय मानिस आएको देखी अपराधबाट फुत्कन अन्धाधुन्ध गोली चलाई ज्यान मार्ने कार्य गरेको पुष्टि हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ भदौ ३ गते रोज ४ शुभम् ।

**५.**

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको फौ.पु.नं. ३५२०, न्वारान गराई पाऊँ, *जीवन राई वि. सुनीता राई*

वैज्ञानिक परीक्षणको लागि झिकाइएका वादी र जातक छोरी तथा प्रतिउत्तर लेखबाट देखिएका मित्र राई समेत अदालतमा उपस्थित नभई म्याद गुजारी बसेको देखिन्छ । यस्तो अवस्थामा वादीकी छोरी पुनरावेदक प्रतिवादीकै करणी वीर्यबाट जन्मेकी हुन् होइनन् भन्नलाई वादी वा आमाकै भनाईलाई आधिकारीक प्रमाण मान्नुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ ४ रोज ५ शुभम् ।

- यसै लगाउको २०६१ सालको फौ.पु.नं. ३५१९, लिखित गाली बेईजती, *नन्दकुमारी राई समेत वि. सुनीता राई समेत* भएको मुद्दामा यसैअनुरूप वादीको दावी पुग्न नसक्ने ठहरी निर्णय भएको छ ।

**६.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८६६७, अंश, *तुलबीर घर्ती समेत वि. जानुका भन्ने जुठी घर्ती*

मुद्दा पर्दापर्दैको अवस्थामा वादीहरूको जन्म भएको र अंश लिई वेगल बसिसकेको भन्ने ठहर नभै सकेको अवस्थामा समेत मुलुकी ऐन अंश वण्डाको १ र २ नं. बमोजिम आफ्नो अंश भाग पाउनु पर्ने भनी प्रतिपादित नजीर सिद्धान्त समेतको आधारमा अंश जस्तो नैसर्गिक हक निरपेक्ष रहन सक्ने अवस्था समेत नदेखिदा अंश पाउने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

## इजलास नं. १०

**१.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०५६ सालको फौ.पु.नं. २२९७, २०५८ सालको फौ.पु.नं. ३११२, भ्रष्टाचार, *नेपाल सरकार वि. बुद्धिसागर उपाध्याय समेत, शरदबहादुर श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीहरूले पटक-पटक ४ वटा फर्मको नामबाट व्यापारिक कर्जा लिने उद्देश्यले केन्द्रीय कार्यालयबाट ऋण लिमिट स्वीकृत गर्न निवेदन गरी उक्त लिमिट स्वीकृत भएर आएपछि स्वीकृत हुँदाका शर्त र निर्देशनलाई पालना नगरी उल्टै त्यसको व्यापक र निरन्तर उल्लंघन गरी धितोको रुपमा रहेको सामानहरू नै गोदामबाट गायब पारेको देखिन्छ । मिति २०४७।८।४ मा

पहिलो पटक गोदाम खोल्दा केही सामान कपडा ६७५ याड र चस्मा १० थान कमी देखिएकोमा सोको १५ महिनापछि २०४८ साल फागुनमा ऋणवापत हेर्दा गोदाममा कुनै पनि सामान फेला नपरेको र सो सामान हिनामिना गरी गायब पारेको तथ्य ऋणी प्रतिवादीहरूले एकापसमा पोल गरी हानी नोक्सानी गरेमा स्वीकार नै गरेका छन् र निज ऋणीहरू आफैले स्वीकारेका शर्त पालना गर्ने दायित्व निर्वाह नगरेको र आफ्नो जिम्मामा रहेको सामान गायब गरेको कारण बैंकलाई नोक्सानी हुन गएको छ । धितो रहेको सामान गोदाममा नपाइएको र सामान गायब हुनुमा बैंकका कर्मचारीको संलग्नता देखाउन नसकेपछि सामान संरक्षण गर्ने दायित्वबाट निज प्रतिवादीहरू पन्छिन नमिल्ने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल बैशाख २ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८७१७, जोत कायम, *विष्णुकुमारी खत्री वि. बुद्धिकुमारी रानाभाट*

भूमि सम्बन्धी ऐन, २०२१ लागू भएपछि कबुलियत भएको भनेको मिति २०३७।१।२६ सम्म यी वादीले मोहीको हैसियतले जग्गा कमाएको नदेखिएको अवस्थामा उक्त ऐनको दफा ३४(१) मा भएको व्यवस्थाबमोजिम रीत पुगेको कबुलियतनामाले मात्र कानूनी मान्यता प्राप्त गर्न सक्दछ अन्यथा त्यस्तो कबुलियतले वैधानिकता प्राप्त गर्न सक्दैन । वैधानिकता प्राप्त गर्न जग्गाधनी र मोही दुबैले सहीछाप भई एकप्रति सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा पेश गरेको हुनुपर्ने यो कानूनी शर्त हो । एक पक्षीय रुपमा गरेको कबुलियत त्यसमा पनि सम्बन्धित गा.वि.स. मा पेश गरेको नहुँदा कानूनी शर्त विपरीत खडा भएको कबुलियतनामाले कानूनी मान्यता गर्न नसक्ने ।

आफ्नो एकलौटी हकभोगबाहेक अरुको समेत हक लाग्ने जग्गा कबुलियत गरिदिँदा निजहरूको मञ्जूरीको लिखत भए गरेको समेत देखिन आउँदैन । अरुको समेत हक लाग्ने जग्गा एक जना हकदारले मात्र कबुलियतनामा गरे हुने र एकपक्षीय रुपमा गरेको कबुलियतले मान्यता पाउने भनी ऐनमा प्रयुक्त शब्दावली र भाषालाई संयुक्त दर्ताका जग्गाका हकमा गलत व्याख्या र अर्थ गर्न नमिल्ने ।

कबुलियतको लिखत नाबालकद्वारा भएको र संरक्षक नहुँदा त्यस्तो नाबालकद्वारा भएको कबुलियतको कानूनी अस्तित्व नरहने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल असोज २५ रोज १ शुभम् ।

यसै लगाउका निम्न लिखित मुद्दामा यसैअनुसार निर्णय भएका छन् :

- २०५९ सालको दे.पु.नं. ६७४, फैसला बदर, *विष्णुकुमारी खत्री वि. बुद्धिकुमारी रानाभाट समेत*
- २०५९ सालको दे.पु.नं. ६७५, फैसला बदर, *विष्णुकुमारी खत्री वि. बुद्धिकुमारी रानाभाट समेत*
- २०५९ सालको दे.पु.नं. ६७६, फैसला बदर, *विष्णुकुमारी खत्री वि. बुद्धिकुमारी रानाभाट समेत*
- २०५९ सालको फौ.पु.नं. ०५२३, जालसाजी, *विष्णुकुमारी खत्री वि. बुद्धिकुमारी रानाभाट समेत*
- २०५९ सालको दे.पु.नं. ०६७७, फैसला बदर, *विष्णुकुमारी खत्री वि. बुद्धिकुमारी रानाभाट समेत*

## २०६६ साल पुस १ देखि १५ गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण

| क्र.सं | विषयगत मुद्दा | लगत | | | फछ्र्यौट संख्या | बाँकी |
|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 20= | देवानी पुनरावेदन | ३६५१ | ४८० | ४१३१ | ८०७ | ३३२४ |
| 21= | फौजदारी पुनरावेदन | २३६९ | ३७३ | २७४२ | ४४६ | २२९६ |
| 22= | देवानी पूर्ण इजलास | ६७ | ६ | ७३ | २८ | ४५ |
| 23= | फौजदारी पूर्ण इजलास | ३६ | ४ | ४० | १० | ३० |
| 24= | वन्दीप्रत्यक्षीकरण | ३ | ३३ | ३६ | ३३ | ३ |
| 25= | साधारण रिट | २६०० | ५४२ | ३१४२ | ६०५ | २५३७ |
| 26= | पूर्ण इजलास रिट | ११ | ३ | १४ | २ | १२ |
| 27= | विशेष इजलास रिट | ६४ | २४ | ८८ | २७ | ६१ |
| 28= | साधक | ८८ | ३४ | १२२ | ३५ | ८७ |
| 29= | दोहोऱ्याई पाऊँ देवानी | १०९६ | ४१२ | १५०८ | ५५८ | ९५० |
| 30= | दोहोऱ्याई पाऊँ फौजदारी | ३५३ | ११६ | ४६९ | २०७ | २६२ |
| 31= | पुनरावलोकनको निवेदन | ४५१ | २१९ | ६७० | ११९ | ५५१ |
| 32= | पुनराबेदनको अनुमति निवेदन | १०५ | ९ | ११४ | ९ | १०५ |
| 33= | विविध | ७२ | ९ | ८१ | १२ | ६९ |
| 34= | निवेदन | १० | १३७ | १४७ | ९६ | ५१ |
| 35= | प्रतिवेदन | १४ | ७७ | ९१ | ४५ | ४६ |
| 36= | अवहेलना | ० | ० | ० | ० | ० |
| 37= | संक्षिप्त | ० | ० | ० | ० | ० |
| 38= | फुटकर | ० | ० | ० | ० | ० |
| | जम्मा | १०९९० | २४७८ | १३४६८ | ३०३९ | १०४२९ |

## २०६६ साल पुस १ देखि १५ गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | ११ | (ङ) आदेश संख्या | २०४ |
| (ख) पेशी चढेका मुद्दा संख्या | १८३१ | (च) फछ्र्यौट संख्या | २५२ |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ६६७ | (छ) हेर्न नभ्याएका | ५९९ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | ६१ | (ज) नि.सु. संख्या | ४८ |

## २०६६ साल असारसम्ममा दायर भई पाँच वर्ष नाघेका (अभियान) समूहकृत मुद्दाहरूको २०६६ पुस १५ गतेसम्मको स्थिति

| समूह | कूल मुद्दा | फैसला | बाँकी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | हेर्दाहेर्दै | नि.सु. | पेशी | मेलमिलापमा गएको | अन्य | जम्मा |
| फौजदारी | १३५ | ७३ | २८ | | १८ | – | १६ | ६२ |
| देवानी | ६८२ | ३८७ | ३८ | ५ | ९० | ५५ | १०७ | २९५ |
| रिट/वाणिज्य | १६९ | १४४ | १२ | – | ९ | – | ४ | २५ |

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २ पूर्णाङ्क .... , पृष्ठ ....
(साल) (महिना)

**उदाहरणार्थः** *सअ* बुलेटिन, २०६६, पुस - १, पूर्णाङ्क ४१९, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

# सर्वोच्च अदालतका निम्न प्रकाशनहरू बिक्रीका लागि उपलब्ध भएको व्यहोरा जानकारी गराउँछौं

१. नेपाल कानून पत्रिकाका पुराना अङ्कका साथै २०६६ सालको अङ्क १ देखि ५

२. पुराना अङ्कका साथै सर्वोच्च अदालत बुलेटिन, २०६६ पुस - १

३. विषयगत नजीर संग्रह खण्ड १ देखि खण्ड १३ सम्म जम्मा १८ भाग

- २०६६ साल साउनदेखि नेपाल कानून पत्रिकाको प्रति अङ्क मूल्य रु.३०।-र सर्वोच्च अदालत बुलेटिनको प्रति अङ्क रु.१५।- कायम गरिएको छ ।
- नेपाल कानून पत्रिकाको वार्षिक (१२ अङ्क) ग्राहक शुल्क रु.३५०।- कायम गरिएको छ ।
- सर्वोच्च अदालत बुलेटिनको वार्षिक (२४ अङ्क) ग्राहक शुल्क रु.३५०।- कायम गरिएको छ ।
- २०६६ साउन महिनादेखि नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनको ग्राहक बनाउन शुरु गरिएको छ ।

१. यस बुलेटिनमा केवल ती निर्णय समावेश हुँदैनन्, जो सम्पादन समितिलाई सम्बन्धित इजलास अधिकृतबाट तोकिएको १५ दिनको अवधिभित्र प्राप्त भएका हुँदैनन् ।

२. नेपाल कानून पत्रिकामा प्रकाशित भएबाहेक अन्य महत्वपूर्ण निर्णयहरू प्रकाशनका लागि छुटेका भए त्यसरी छुटेका निर्णयको प्रतिलिपि सम्पादन शाखामा उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं । यसरी प्राप्त भएका निर्णयहरू पहिले प्रकाशन नभएका भए र प्रकाशनयोग्य ठहरिए क्रमशः प्रकाशन गर्दै जाने व्यहोरा समेत अनुरोध गर्दछौं ।

३. सर्वोच्च अदालतका प्रकाशनयोग्य सूचना तथा जानकारी हामीलाई प्रकाशनार्थ उपलब्ध गराई दिनु हुन सम्बन्धित महाशाखा तथा समितिका सचिवहरूसँग अनुरोध गर्दछौं ।

मूल्य रु.१५।-

मुद्रकः  सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।